वार्षिक प्रकाशन, अङ्क ५

# अग्रज

Retired but not Tired

२०७४

***RETIREMENT*** is not the end of the road





It is the beginning of the ***OPEN HIGHWAY***

## नेपाल पूर्व सशस्त्र प्रहरी संघ

केन्द्रीय कार्यालय, स्वयम्भू, हलचोक
फोन नं. ०१४२८३४४०, फ्याक्स नं. ०१४२८३४४०
Email : exapf.acn@gmail.com, Website : www.nepalexapf.org.np


CASINO
MAHJONG
NEPAL
CASINO
Roulette
Blackjack
Texas Hold'em Poker
Baccarat
& Many More Games
Casino Mahjong Nepal, Hotel Soltee Crown Plaza
Kathmandu, Nepal, Cell : +977-9823099807, 9802078678, 9851067126, 9851106046, 9801054630, 9851078678, 9801003959
Email : emkt@casinomahjongnepal.com, info@casinomahjongnepal.com


शुभ विजया दशमी तथा दिपावली २०७४ को
हार्दिक मंगलमय शुभकामना ।
SHINE
SHINE TRADE PVT. LTD.
Durbar Marg, Yak & Yeti Road,
Kathmandu, Nepal
Tel. : 977-1-4227099, Fax : 977-1-4228245, E-mail : info@shine.com.np

## सल्लाहकार मण्डल

**प्रमुख सल्लाहकार**

**श्री किशोर कुमार लामा**

अध्यक्ष

**सल्लाहकार**

**श्री बासुदेव वली**

निवर्तमान अध्यक्ष

**सल्लाहकार**

**श्री सनत कुमार बस्नेत**

संघका प्रमुख सल्लाहकार

**सल्लाहकार**

**श्री शैलेन्द्रकुमार श्रेष्ठ**

अध्यक्ष म.प.क्षे.

## सम्पादक मण्डल

**प्रधान सम्पादक**

**श्री रोहित थापा**

संघको वरिष्ठ उपाध्यक्ष

**सम्पादक**

**श्री भीमबहादुर पन्थ**

सचिव केन्द्रीय कार्यकारिणी समिति

**सम्पादक**

**श्री बलराम तिमिल्सिना**

सचिव, केन्द्रीय कार्यकारिणी समिति

**कम्प्युटर**

**श्री ध्रुवकुमार सुवेदी**

सशस्त्र प्रहरी सहायक निरीक्षक

3G PRINTERS
मू.अ.क.नं. : ३०४१४३१३७
श्री जी प्रिन्टर्स
3 G PRINTERS
त्रिपुरेश्वर, काठमाडौं, फोन : ४२६१३४६
ईमेल : 3GPrinters.hq@gmail.com

**कम्प्युटर डिजाइन**
**श्री शैलेस बज्राचार्य**

# प्रकाशन समिति



अध्यक्ष
**श्री रोहित थापा**
स.प्र.अ.म.नि. (अ.प्रा.)



सदस्य
**श्री नवराज विष्ट**
स.प्र.ना.म.नि. (अ.प्रा.)



सदस्य
**श्री धनबहादुर थापा**
स.प्र.ब.उ. (अ.प्रा.)



सदस्य
**श्री प्रल्हाद के.सी.**
स.प्र.ब.उ. (अ.प्रा.)



सदस्य
**श्री अजयकुमार सिंह**
स.प्र.उ. (अ.प्रा.)



सदस्य
**श्री भीमबहादुर पन्थ**
स.प्र.उ. (अ.प्रा.)



सदस्य
**श्री बलराम तिमिल्सिना**
स.प्र.ना.उ. (अ.प्रा.)



सदस्य
**श्री महेन्द्रबहादुर कार्की**
स.प्र.ना.उ. (अ.प्रा.)



सदस्य
**श्री गोपाल प्रसाद विके**
स.प्र.ना.उ. (अ.प्रा.)



सदस्य
**श्री कृष्णराज खतिवडा**
स.प्र.नि. (अ.प्रा.)

# संस्थापक अध्यक्षज्यूको योगदान



**संस्थापक अध्यक्ष**
**स.प्र.म.नि. (अ.प्रा.) स्व. सहवीर थापा**

स्वर्णिम ईतिहास बोकेको संगठन नेपाल प्रहरीबाट सेवा परिवर्तन गरी नवगठित सशस्त्र प्रहरी बलमा स्थानान्तरण भई सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बहाल रहँदा संगठनको संगठनात्मक सुदृढीकरणमा दृढ अठोटका साथ अविचलित रुपमा अग्रसर हुनु भएकाले नै नितान्त नविन सोचका साथ स्थापित अर्ध सैनिक प्रकृतिको संगठनले नेपालमा मात्र होइन कि विश्व परिवेशमा समेत अमीट छाप छोड्न सफल भएको हो । सोही क्रममा संगठनलाई साधन स्रोत सम्पन्न तुल्याउने अठोटका साथ कर्तव्यरत रहँदै गर्दा नवगठित संगठनको उन्नति प्रगति देख्न नचाहने कुत्सीत मनसायले अभिप्रेरित व्यक्ति समूहको कायरतापूर्ण आक्रमणमा तत्कालिन संगठन प्रमुखले अमरत्व प्राप्त गर्नु भए पश्चात उहाँले शुरु गर्नु भएका भौतिक संरचना निर्माणलाई तदारुक्ता दिँदै नवगठित संगठनलाई अग्र पंक्तिमा उभ्याउन सफल तत्कालीन संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा.) स्व. सहवीर थापाले अवकाश पश्चात् पनि छरिएर रहेका पूर्व कर्मचारीहरुलाई एकतावद्ध गरी पूर्व कर्मचारीहरु तथा तीनका परिवारहरुको हक हितमा संगठित रुपमा अघि बढ्न नेपाल पूर्व सशस्त्र प्रहरी संघको गठन गर्नु भएको थियो ।



# शुभ-कामना

नेपाल पूर्व सशस्त्र प्रहरी संघको दशौं वार्षिक दिवसको अवसरमा सशस्त्र प्रहरी वल, नेपालमा सेवारत रही स-सम्मान अवकाश ग्रहण गरेका पुर्व सशस्त्र प्रहरी कर्मचारीहरुलाई हार्दिक शुभकामना तथा उत्तरोत्तर प्रगतिको मंगलमय कामना व्यक्त गर्दछु ।

विशुद्ध सामाजिक संस्थाको रूपमा मिति २०६४ साल असोज २७ गते स्थापित संघले दंशौं वार्षिक दिवस तथा केन्द्रिय परिषद् सभाको अवसरमा अग्रज नामक पुस्तक प्रकाशन गर्न लागेकोमा म मेरो व्यक्तिगत तथा सशस्त्र प्रहरी बल, नेपाल परिवारको तर्फबाट पुस्तक पाठनिय तथा संग्रहणीय होस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

अनुशासित तबरबाट  राष्ट्र हितलाई केन्द्रमा राखेर लामो सेवाकालिन सिप, दक्षता तथा अनुभवलाई राष्ट्रोत्थानमा समर्पित गराउँदै आएको यस संघले मातृसंस्था सशस्त्र  प्रहरी बल, नेपालको गरिमा तथा मान प्रतिष्ठा अभिबृद्धिमा पुऱ्याएको योगदानलाई संगठनले उच्च मूल्याङ्कन गरिरहेको छ ।  सशस्त्र प्रहरी बल, नेपालको विकास, बिस्तारसंगै कामकारवाहीमा चुस्तता एवं प्रभावकारिता अभिबृद्धिको हाम्रो प्रयासमा संघबाट प्राप्त रचनात्मक सुझावले महत्वपूर्ण भूमिका राख्ने  हुनाले संगठनले निरन्तर रुपमा रचनात्मक राय, सुझाव तथा मार्गदर्शनको अपेक्षा राखेको छ  । नेपाल पूर्व सशस्त्र प्रहरी संघबाट प्राप्त हुने राय, सुझाव तथा मार्गदर्शनको संगठनले अक्षरंस कार्यन्वयन गर्ने प्रतिबद्धता समेत यसै अवसरमा व्यक्त गर्दछु ।

मेरो पेशागत जीवनमा मैले कैयन पेशागत विज्ञता हासिल गर्नुभएका अग्रजहरुसँग काम गर्ने मौका पाएको स्मरण गराउँदै यहाँहरुको अद्वितिय दक्षता एवं क्षमतालाई अझै पनि संगठनको हितमा प्रयोग गर्न सकिने हुँदा सो को समेत अपेक्षा राखेको छु ।

पूर्व सशस्त्र प्रहरी राष्ट्रसेवकहरुको अवकाश प्राप्त जिवनयापन सहज होस् भन्ने हेतु संगठनले सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्र मार्फत विभिन्न कल्याणकारी कार्यक्रमहरु संचालन गर्दै आएको र भविष्यमा पनि यसलाई श्रोतको उपलब्धतालाई मनन् गर्दै व्यापक र विस्तृत बनाउने दृढता व्यक्त गर्दछु ।

अन्त्यमा, नेपाल पूर्व सशस्त्र प्रहरी संघको दशौं वार्षिक दिवस तथा केन्द्रिय परिषद् सभा मार्फत संघले तय गरेको उद्धेश्य प्राप्तिका दिशामा अझै गति प्रदान गर्ने कार्यमा महत्वपूर्ण सफलता प्राप्त होस भन्ने शुभकामना व्यक्त गर्दै अग्रज नामक प्रकाशनको समेत पुनः सफलताको कामना गर्दछु ।

जय नेपाल

(सिंहबहादुर श्रेष्ठ)
सशस्त्र प्रहरी महानिरीक्षक
संरक्षक नेपाल पूर्व सशस्त्र प्रहरी संघ

# मन्तव्य



यस पूर्व सशस्त्र प्रहरी संघको आजको वार्षिक उत्सव र साधारण सभाको कार्यक्रमको निरन्तरताले संघको परिलक्षित उद्देश्यतर्फको यात्राको १० औं वर्षको कोसेढुङ्गा पार गर्दै आफ्नो जिवन्ततालाई प्रतिविम्बित गरेको छ। यो सुअवसर पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुको लागि अत्यन्तै महत्वपूर्ण भएकोले सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु। यहाँ सम्मको संघको यात्राको सफलता पूर्व पदाधिकारीहरु, कर्मचारीहरु र हाम्रो अभिभावकत्वनिहित रहेको संगठन सशस्त्र प्रहरी बल, नेपालसँगको सौहार्द्धपूर्ण अन्तर सम्बन्ध, सहयोग र प्रयासहरुकै सुपरिणाम हो भन्नु अत्युक्ती नहोला। संघको श्री गणेश गराउनु हुने संस्थापक अध्यक्ष स्व. सहविर थापा संस्थापक सदस्य सचिव स्व.पोषेन्द्रध्वज खाडज्यू लगायत वीर अमर सशस्त्र प्रहरीहरु प्रति सम्मानका साथ हार्दिक सर्दाञ्जली अर्पण गर्दछु। यसै गरी सशस्त्र प्रहरी बलको संगठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षक सिंहबहादुर श्रेष्ठज्यू, निवर्तमान अध्यक्षज्यू, संगठनका पूर्व प्रमुखहरु, सल्लाहकारज्यूहरु र पूर्व कर्मचारीहरुको योगदानको लागि आभार र धन्यवाद प्रकट गर्दछु। संघको विकासको गतिलाई तिब्र रुपमा लान नसके तापनि सम्भावित लक्ष्यहरु हासिल गर्न गरिएको प्रयास तर्फको यात्रा सन्तोषजनक रुपमा अगाडि बढिरहेको छ। मुर्तरुपको सफलता हाँसिल गर्नको लागि समयको आवश्यकताले महत्व राख्दछ। "Every substantial outcome requires sufficient time" नेपाल पूर्व सशस्त्र प्रहरी संघ गैर राजनीतिक, गैर नाफामूलक र नितान्त समाजिक संस्था हो, जसमा सशस्त्र प्रहरी बलबाट स-सम्मान अवकाश भएका व्यक्तिहरुको शारीरिक, मानसिक गुण, ज्ञान र सामुहिक एकतालाई प्रजातान्त्रिक पद्धतीद्वारा संगठित एवम् संचालित गर्ने संस्था हो। यसको उद्देश्यले आफ्नो वर्गिय हकहितमा मात्रै सिमित नभई वृहत क्षेत्र समेत समेटेको छ। संघको आन्तरिक सुधारतर्फ पूर्व कर्मचारीहरुको अभिलेख व्यवस्थापन Personal Computer Data System लागु गरिएको छ। **हाल कुल संख्या ६८८२** मा पूर्व क्षेत्रमा १४३४, मध्ये क्षेत्रमा १७६९, पश्चिम क्षेत्रमा १३१०, मध्ये पश्चिम क्षेत्रमा १३७४ र सुदूर पश्चिम क्षेत्रमा ९९५ जनाहाल सम्म विभिन्न तवरबाट अवकाश भईसकेका छन्। संघको विस्तार गर्ने शिलशिलामा नेपाल अधिराज्यभर रहेको संघका पूर्व कर्मचारीहरुबाट संघका नयाँ कार्यालयहरु स्थापना गर्दै जाने लक्ष्य रहेको छ। यसको लागि भौतिक पूर्वाधार र श्रोतको आवश्यक छ, जसको लागि सशस्त्र प्रहरी बलबाट सहयोग हुनेछ भन्ने अपेक्षा राखेका छौं। आफ्ना सदस्यहरुको हकहित, कल्याणकारी कार्यहरुको अतिरिक्त समाजका विभिन्न गतिविधीहरुमा सहभागिता जनाउने उद्देश्यहरु रहे तापनि विभिन्न प्राविधिक कठिनाईहरुले गर्दा प्रभावकारितामा केही कमि भएको महशुस गरिएको छ। संगठनको पादुर्भाव र संघको प्रारम्भिक चरण देखिनै मुलुकको संक्रमणकालको परिस्थितिले प्रभाव पारेको कुरा हामी सबैलाई अवगत नै छ। तथापि संघले सम्भावना भएका लक्ष्यहरु, कार्यक्रमहरु, सशस्त्र प्रहरी बलबाट प्राप्त आर्थिक सहयोगले भुकम्पबाट पीडित पूर्व कर्मचारीहरुलाई राहत स्वरुप आर्थिक सहयोग प्रदान गरिएको थियो। यसै गरी द्वन्द्व पीडितका समस्याहरुको समाधान सम्बन्धित पदाधिकारीज्यूहरु र पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद नेपाललाई पनि आवश्यक पहल र प्रयासको लागि अनुरोध समेत गरिएको छ। आर्थिक पक्ष त्यति सवल नभएको हुँदा संघले चाहेका कतिपय कल्याणाकारी कार्यक्रमहरु कार्यान्वयन गर्न सकिएको छैन। तर शुरुको अवस्था र वर्तमान अवस्थामा निश्चय नै परिवर्तन आएको छ। त्यसैले यस पटक हाम्रो स्कुलको १ जना विद्यार्थीलाई छात्रवृत्ति समेत प्रदान गर्ने निर्णय गरिएको छ।

पुर्व संघले प्रदान गरेको मञ्चले सशस्त्र प्रहरी बलका पूर्व राष्ट्रसेवकहरुलाई एक आपसको व्यवसाहिक सम्बन्ध, भातृत्व र सौहार्दको संस्कारलाई निरन्तरता दिने महत्वपूर्ण कार्य गरेको छ। हुन त अवकाश पश्चात् हामी अधिकांशले अवकाशको जीवनलाई नै अन्तिम लक्ष्यको रुपमा स्वीकार गर्ने गरेका छौं। हाम्रो मुलुकको परिवेश पनि यस्तै छ। तर विकसित मुलकका अवस्थालाई हेर्दा अवकाशमय समय भनेको नै एडभेन्चर, साहसिक, रोमाञ्चक नयाँ यात्रा हुने गर्दछ।

यद्यपि हामी अवकाश प्राप्त राष्ट्रसेवकहरु निश्चित व्यवसायिक क्षेत्रमा बृहत्त ज्ञान र सीप हाँसिल गरेर निखारिएका मानवश्रोतहरु हुन् । त्यसै कारण नयाँ संविधानमा पूर्व राष्ट्रसेवकहरुको सेवालाई राष्ट्र निर्माणको कार्यमा लगाईने प्रावधानको व्यवस्था भएको छ । संविधानमा यो प्रावधानको लागि पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद नेपालको अग्रणी भूमिकामा हामी पूर्व सेना, प्रहरी र सशस्त्र प्रहरीका संस्थाहरुको सामूहिक प्रयासबाट सफलता हाँसिल भएको हो । तसर्थ यस पक्षलाई दृष्टिगत गरेर हामी पूर्व सशस्त्र प्रहरी बलको वेभसाईटमा एक डोमेन राखिनेछ जसमा व्यवसायिक लेख, नविनतम विषय, उपायहरु संग्रह गरिनेछ । जसमा हामी सबैले पहुँच गर्न सक्नेछौं । आफ्नो कृतिहरु, सुझावहरु, नविनतम उपायहरु अपलोड गर्न सकिनेछ । उक्त डोमेनलाई E-Library को रुपमा विकास गर्दै लैजाने नीति समेत रहेको छ । पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद नेपालले आगामी दिनमा संविधानमा प्रावधान भएको पूर्व राष्ट्रसेवकहरुको योगदानको बारेमा बृहत छलफल, गोष्ठी आयोजना समेत गर्ने भएको जानकारी गराउँदछौं । गोष्ठीले नेपाल सरकारलाई पूर्व राष्ट्रसेवकहरुको सेवा हासिल गर्ने अनुकुलवातावरण विकास गर्ने बारेमा नीति निर्माण, योजना तर्जुमा गर्न सहयोग गर्नेछ । यस संघले वार्षिक रुपमा प्रकाशन गर्दै आएको **अग्रज नामक पुस्तक** यस वर्ष पनि प्रकाशन गरेर सहयोग गर्नु हुने प्रकाशन समितिका अध्यक्ष लगायत सदस्यज्यूहरु, यस पुस्तकलाई रोचक र ज्ञानवर्द्धक बनाउनको लागि लेख रचनाहरु पठाउनु हुने विज्ञहरु तथा पुस्तक प्रकाशनमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण विज्ञापनदाताहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै पुस्तकको सेटिङ र डिजाइन गरिदिनु हुने कम्प्युटर अपरेटर सशस्त्र प्रहरी सहायक निरीक्षक ध्रुवकुमार सुवेदी धन्यवादका पात्र हुनुहुन्छ । छोटो समयमा नै प्रकाशन गर्न सहयोग गर्नु हुने श्री.जी. प्रिन्टर्सका डिजाईनर शैलेश बज्राचार्यलाई धन्यवाद व्यक्त गर्दछु । अन्त्यमा मुलुकको माटोको सेवा र सुरक्षामा प्रतिवद्ध रही अवकाश पाएका सम्पूर्ण सकल दर्जाका राष्ट्रसेवकहरुलाई दशौं संघ दिवस प्रवेश गरेको पावन अवसरमा बधाई तथा शुभकामना दिन चाहन्छु । साथै नजिकिदै आईरहेको महानपर्व शुभ-दीपावली, छठ पर्व तथा नेपाल सम्वत् ११३८ को शुभ-उपलक्ष्यमा सुख, सु-स्वास्थ्य दीर्घायु एवम् उत्तररोत्तर प्रगतिका लागि हार्दिक मङ्गलमय शुभ-कामना व्यक्त गर्दछु ।

ईष्टदेवी वगलामुखी माँले हामी सबैलाई कल्याण गरून् ।

धन्यवाद । जय नेपाल ।

**अध्यक्ष**

**किशोर कुमार लामा**

सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा.)

**नेपाल पूर्व सशस्त्र प्रहरी संघ**

केन्द्रीय कार्यालय, हलचोक, काठमाडौं

# सम्पादकीय

नेपाल पूर्व सशस्त्र प्रहरी संघ अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु र तिनका आश्रित परिवारको हक हीतलाई ध्यानमा राखेर विशुद्ध सामाजिक सेवालाई आत्मसात गर्दै गैह्रनाफामूलक, गैह्रराजनीतिक सामाजिक संस्थाको रुपमा २०६४ असोज २७ गते प्रचलीत कानून अनुसार स्थापना भएको हो । संघ स्थापनाको कालखण्ड त्यति सहज नभएकाले आशातित रुपमा प्रगति गर्न नसकेको यथार्थ हामी सबै सामु छर्लङ्गैछ । समय काल परिस्थितिले कोल्टो फेर्दै गएको वर्तमान परिवर्तन अवस्थामा संघको आफ्नो लक्षित उद्देश्यलाई परिपूर्ति गर्ने दिशामा वर्तमान कार्य समिति सक्रियता पुर्वक अग्रसर हुँदै गएको छ । यसै परिवेशमा आफ्नो संघको परिचय तथा गतिविधिहरु आफ्ना सदस्य तथा जनमानससमा पुऱ्याउने सदिक्षाका साथ वार्षिक रुपमा संघका गतिविधिहरुका अतिरिक्त विविध विषयका ज्ञानवर्द्धक लेख रचनाहरु समावेश गरी जानकारीमूलक पुस्तक प्रकाशन गर्न संघका वरिष्ठ उपाध्यक्ष स.प्र.अ.म.नि.रोहित थापाज्यू(अ.प्रा.)को संयोजकत्वमा गठित प्रकाशन समितिले संघको उद्देश्य तथा कार्यसमितिको आशय बमोजिम संघद्वारा सम्पादित क्रियाकलापलाई पारदर्शीरुपमा समावेश गरी संघलाई नजिकबाट अवलोकन गर्न चाहने पाठकबृन्दलाई उपयुक्त खुराक पस्कने प्रयास गरेको छ ।

पुस्तक नेपाल पूर्व सशस्त्र प्रहरी संघ सम्बन्धमा जानकारी राख्न चाहने र अति दुर्गम गाउँवेशीमा वसोवास गर्ने र प्रत्यक्ष सम्पर्कमा रहन नसक्ने संघका सदस्यहरुको लागि समेत उपयोगी हुने नै छ । भर्खरै बामे सर्दै गरेको संघले आफ्नो विकास विस्तारलाई प्राथमिकता दिएको छ अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको संख्या उल्लेख्य नरहेको र भर्खर पूर्व क्षेत्र, उपत्यका र मध्ये क्षेत्रीयस्तरका र नुवाकोट तथा सिन्धुली जिल्लामा मात्र जिल्लास्तरिय संघको कार्यसमिति गठन हुन सकेको छ भने अन्य क्षेत्रहरुमा संयोजकको रुपमा अध्यक्षज्यूहरु निर्वाचितहुनु भएकाले छिट्टै नै क्षेत्रीय सम्पर्क कार्यालयहरु स्थापना हुने परिस्थिति बन्दै गएको छ । सवै क्षेत्रहरु संवैधानिक व्यवस्था अनुरुप प्रान्तीय ढाचामा रुपान्तरित हुनेक्रम जारी रहेकाले क्षेत्रीय स्तरका सम्पर्क कार्यालय गठनमा केही असहज अवस्था आई परेको महशुस भइरहेको छ । जिल्लामा आफ्नो उपस्थिति देखाउन नसकिरहेको अवस्थामा संघले चाहँदा चाहँदै पनि लक्षित उद्देश्य अनुरुप, द्वन्द्वपीडित, घाइते अपाङ्ग, एकल महिला लक्षित सामाजिक क्रियाकलापलाई सक्रियतापूर्वक अगाडी बढाउने संघको उद्धेश्यमा अवरोध पुगेको छ । संघको मुल उद्धेश्य नै सदस्यको हक हीतमा टेवा पुऱ्याउनु भएतापनि विविध कारणले संघमा आवद्ध परिवारका सदस्यलाई सहयोग पुऱ्याउने उद्देश्यले सार्थकता पाउन सकिरहेको छैन । संघको आर्थिक अवस्था वलियो नहुँदा उद्देश्य बमोजिमको कार्यक्रम अघि बढाउन नसकिएकाले संघको गतिविधिमा प्रभावकारीता देखिएको छैन । संघको लक्ष्य एवम् उदेश्य अनुरुप ठोस कार्यक्रम सहित प्रस्तुत हुनुपर्नेहो तापनि छोटो समयमा पूर्वाधार निर्माणमा लागिरहेको र भविष्यमा संघको उदेश्यले सार्थकता पाउने कुरामा पूर्ण विश्वास लिइएको छ । संघले जे जस्ता कठिनाईहरुको सामना गर्दै सदस्यहरुमा पर्न गएको समस्याहरुलाई समाधानार्थ आफ्नै तर्फबाट वा संगठनसंग अनुरोध गरेरै भएपनि समय परिस्थिती अनुसार केहिनकेही गरेकै छ । उदाहरणको रुपमा संघका सदस्यहरुले पनि निशुल्क स्वास्थ्य सेवा पाइरहेको छन् भने सशस्त्र प्रहरी विद्यालयमा बहालवाला सरह सेवा सुविधा उपलब्ध भइरहेको छ। २०७२ बैशाख १२ मा आएको विनासकारी भूकम्पबाट पिडित संघका सदस्यहरुलाई संघले आफ्नै तर्फबाट १० ।१० हजारका दरले तत्कालिन राहत सहयोग उपलब्ध गराएको थियो भने संगठनसंग यथेष्ठ पहल गरी ३० हजारसम्म आर्थिक सहयोग उपलब्ध गराउन सफल भएको छ । यसरी नै अन्य थप सुविधा प्राप्त गर्ने तर्फ संघ लागिपरेको छ । आगामी दिनमा संघ प्रति संगठनको सोचमा सकारात्मक भावनाको विकास गराउन सफल भएकाले थप सुविधा प्राप्त हुने निश्चित छ ।

संघको आफ्नो आर्थिक श्रोत मजबुत भै नसकेको अवस्थामा पनि संघको गतिविधि समावेश गरी **अग्रज** नामक पुस्तक प्रकाशन गर्ने यो सकारात्मक प्रयासमा आ-आफ्नो संघ संस्थाको तर्फबाट विज्ञापन एवम् आर्थिक सहयोग उपलब्ध गराउने तथा अमूल्य लेखरचनाहरु उपलब्ध गराई पुस्तकलाई आकर्षक र ज्ञानवर्द्धक बनाउन उल्लेखनीय योगदान दिनुहुने महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दै प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति प्रकाशन समिति हार्दिक आभार व्यक्त गर्दछ । अन्त्यमा, प्रकाशनका बारेमा अमूल्य राय सुझाव प्रेषित गर्नुभई आगामी अंकलाई अझ सशक्त रुपमा मार्गदर्शन गर्न र शुभचिन्तक मित्र महानुभावज्यूहरुबाट बिज्ञापन तथा अमूल्य लेख रचनाको प्रकाशन समिति अपेक्षा गर्दछ ।

# विषय सूचि


| | | | |
|---|---|---|---|
| १) | नेपाल पूर्व सशस्त्र प्रहरी संघको परिचय | | १ |
| २) | Paradigm of Trans-National Crime | Kishor Kumar Lama | ७ |
| ३) | कार्यकारिणी समितिहरु | | १० |
| ४) | सल्लाहकार मण्डल | | १३ |
| ५) | पदेन केन्द्रीय उपाध्यक्ष एवं क्षेत्रीय अध्यक्षज्यूहरु | | १३ |
| ६) | विभिन्न उप समितिहरु संयोजक एवं सदस्यज्यूहरु | | १४ |
| ७) | नेपाल पूर्व सशस्त्र प्रहरी संघको विधानको दफा | | २० |
| ८) | Wildlife Conservation Status for Review | Dr. Krishna K. Tamang | २४ |
| ९) | ज्येष्ठ नागरिक र अल्जाइमर रोग | – छत्र बहादुर प्रधान | २८ |
| १०) | मिति : २०७३/७/१ गतेदेखि मिति : २०७४/६/२३ गतेसम्म आजीवन सदस्य लिएका पूर्व कर्मचारीहरुको विवरण | | ३० |
| ११) | नेपाल पूर्व सशस्त्र प्रहरी संघको अधिकतम् उपयोग | – भीम बहादुर पन्थ | ३६ |
| १२) | क्षेत्रीय र जिल्ला संघको विवरण र वनावट | | ३८ |
| १३) | संघको प्रभावकारीता, वर्गिय तथा सामाजिक उत्तरदायित्व | – बलराम तिमिल्सिना | ४४ |
| १४) | पूर्व राष्ट्रसेवक समन्वय परिषदको परिचय | | ४६ |
| १५) | मानव अधिकार र दलित समुदायको अवस्था | – गोपाल प्र.विके | ४८ |
| १६) | मनमा गुम्सियका वेदना | – श्रीमती राधिका खड्का | ५३ |
| १७) | सशस्त्र प्रहरी बल संगठनबाट अनिवार्य, स्वैच्छिक, | | ५४ |

# नेपाल पूर्व सशस्त्र प्रहरी संघको परिचय

सशस्त्र प्रहरी बल नेपालमा अनवरतरुपमा सेवा गरी संगठनको ऐन नियम अनुसार स-सम्मान रुपमा अवकाश प्राप्त गरेका सशस्त्र प्रहरी कर्मचारीहरुका बीचमा प्रजातान्त्रिक र अनुशासित तवरबाट आपसी एकता, भातृत्व, सद्भाव कायम गरी पूर्व कर्मचारी र तिनीहरुका परिवारको हक, हीत, कल्याण एवं बौद्धिक, सामाजिक, आर्थिक स्तरको अभिवृद्धी गराउँदै लैजानुका साथै सशस्त्र प्रहरी बल, नेपालको विस्तार र विकासमा आवश्यक सहयोगका लागि निरन्तर सहकार्य गर्ने र अझ समष्टिगत रुपमा भन्नु पर्दा खारिएको अनुभवी जनशक्तिलाई राष्ट्र हीतमा संगठित गर्ने उद्देश्यले मिति २०६४ साल आश्विन २७ गते नेपालको संविधान तथा प्रचलित कानुन अनुसार नेपाल पूर्व सशस्त्र प्रहरी संघको स्थापना भएको हो ।

यो संघ स्थापनाको नेतृत्व अवकाश प्राप्त गर्ने बित्तिकै सशस्त्र प्रहरी बल नेपालका दोस्रा संगठन प्रमुख तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक स्वर्गीय सहवीर थापाले गर्नुभएको थियो । संघको संस्थापक अध्यक्षको जिम्मेवारी समेत ग्रहण गर्नु भएका स्व गींय थापाले एउटा कार्यकाल पनि संघको नेतृत्व सम्हाल्न भ्याउनु भएन । मिति २०६७ जेष्ठ ३ गते उहाँको देहवासन भयो । उहाँले जुन पवित्र उद्देश्यका साथ यो संघको स्थापना गराउने सन्दर्भमा दिनु भएको प्रेरणा, नेतृत्वदायी भूमिका र योगदानको बारेमा कसैले पनि भुल्न सक्ने अवस्था नै आउँदैन । स्वर्गीय थापाको नेतृत्वमा बनेको बिधान २०६४ मा उल्लेखित लक्ष्य एवं उद्देश्यलाई प्राप्ती गर्ने दिशा तर्फ संघलाई अझ सक्रिय जिम्मेवारीका साथ सशस्त्र प्रहरी बल संगठनका तेस्रा संगठन प्रमुख तत्कालीन सशस्त्र प्रहरी महानिरीक्षक श्री वासुदेव वलीज्यूले मिति २०७३/०४/१६ गते सम्म पुर्ण सफल नेतृत्व प्रदान गर्नु भई संघको उचाई निकै बढाउने प्रयास गर्नु भएको थियो । केन्द्रीय कार्य समितिको सर्वसम्मतीबाट मिति २०७३ श्रावण १६ गते देखि संघका बरिष्ठ सल्लाहकार सशस्त्र प्रहरी महानिरीक्षक (अ.प्रा) श्री किशोर कुमार लामाज्यूले पूर्ण सक्रिय र जिम्मेवारीका साथ अध्यक्षको पदभार ग्रहण गर्नु भएको छ ।

संघमा आवद्ध हुन सशस्त्र प्रहरी बल नेपालको आधारभूत तालिम प्राप्त गरी दीक्षान्त समारोहमा सहभागी भएको वा नेपाल प्रहरी र नेपाली सेनाबाट स्थानान्तरण भई सशस्त्र प्रहरी बलको कर्मचारीको रुपमा कानून बमोजिम अवकाश प्राप्त गरेको हुनु पर्नेछ भने अमर सशस्त्र प्रहरी र पूर्व सशस्त्र प्रहरी कर्मचारीको निधन पश्चात पारिवारीक निवृत्तिभरण पाउने परिवारका सदस्यहरु पनि संघको साधारण सदस्य हुन पाउने र स्वइच्छाले आजीवन वा वार्षिक रुपमा सक्रिय सदस्यता प्राप्त गर्न सक्नेछन् । त्यस्तै संघलाई विशिष्ट योगदान पुऱ्याए वापत पूर्व सशस्त्र प्रहरी कर्मचारी वाहेकका अन्य स्वदेशी तथा विदेशी महानुभावहरुलाई पनि संघको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । त्यसै गरी संघले स्वदेशी तथा विदेशी संघ संस्थाको संस्थागत सदस्यता लिन पनि सक्नेछ ।

सशस्त्र प्रहरी बल नेपाल र नेपाल पूर्व सशस्त्र प्रहरी संघ बीचको सामिप्यतालाई अझ बढि गाढा बनाउन संघमा आबद्ध पूर्वजहरुको योगदानलाई संगठनले कदापि बिर्सन मिल्दैन भने संघका तर्फबाट सम्भव भए सम्मको सहयोग खास गरी जनमानसमा संगठनको छवीलाई उजिल्याउने, सूचनाको आदान प्रदान र

संगठनलाई अप्ठ्यारो परेको अवस्थामा आवश्यक सहयोग पुऱ्याउने सवालमा प्रभावकारी भूमिका निर्वाह गर्न जरुरी छ । जसका लागि मैदान उपलब्ध गराउने दायित्व संगठनकै हो । संगठनले नचाहेसम्म यस्तो कार्यको थालनी सम्भव छैन । नेपाल पूर्व सशस्त्र प्रहरी संघलाई व्यवस्थित र मर्यादितरुपमा उद्देश्य अनुरुप परिचालित गर्ने अभिप्रायले वर्गीय हक, हीत तथा मातृ संस्थाको गरिमामा प्रतिकूल असर नपर्ने गरी आचार संहिता समेत निर्माण गरी संघमा आवद्ध हुने सदस्यहरुमा लागू गर्ने व्यवस्था गरी सकिएको छ भने नेपाल पूर्व सशस्त्र प्रहरी संघको आशा र भरोसाको केन्द्र नै सशस्त्र प्रहरी बल नेपाल हो ।

खासगरी अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको हीत तथा भलाईका लागि आवश्यक कार्य गर्न नेपाल पूर्व सशस्त्र प्रहरी संघको स्थापना भएको हुँदा अवकाश भएर संघको सक्रिय वा आजीवन सदस्यता लिन नभ्याउनु भएका अवकाश प्राप्त व्यक्तित्वहरुलाई स्वैच्छिक रुपमा सक्रिय वा आजीवन सदस्यता लिएर संघमा आबद्ध भई परिचय पत्र बनाउने, अवकाश प्राप्त जीवनलाई सक्रिय बनाई राख्ने जस्ता कार्य गर्ने दायित्व अवकाश प्राप्त कर्मचारीको कर्तब्य नै हो । संघको हाल बार्षिक सक्रिय सदस्यता शुल्क रु २००/- (दुई सय मात्र) र आजीवन सदस्यता शुल्क रु ५,०००/- (पाँच हजार मात्र) लिने व्यवस्था गरेको छ । आजीवन सदस्यता लिए वापत स-सम्मान प्रमाण पत्र प्राप्त हुने र अन्य मानार्थ सदस्यताको हकमा कार्य समितिको निर्णयअनुसार हुने व्यवस्था विधानले निर्धारण गर्ने गरेको छ । संघमा आबद्धताले सदस्यहरुमा एक्लोपनबाट छुटकारा मिल्ने, बर्षौदेखिका पुराना साथी भाईहरु सँग भेटघाट, हाँसी खुसी वातावरणले स्वास्थ्यलाभ समेत हुने, जिम्मेवारी र आयु समेत बढ्ने र अझ भन्नु पर्दा समाजमा अझ केही काम गर्न बाँकी छ, मेरो जिम्मेवारी पूरा भएको छैन भन्ने मनस्थिति बन्ने र शरीरमा एक किसिमको जोश र जाँगरको उर्जा प्राप्त हुने सम्भावना रहन्छ ।

उद्धेश्य प्राप्तिमा संघको एकल प्रयासबाट मात्रै सम्भव नहुने भएकाले नेपाल सरकारका विभिन्न निकायबाट अवकास प्राप्त राष्ट्रसेवकहरु संगठित भई स्थापित संघ, संगठनहरु समान उद्धेश्य प्राप्तिमा एकजुट भई नेपाल पूर्व कर्मचारी संगठन राष्ट्रिय समन्वय परिषदको गठन भएको र उक्त कार्यमा नेपाल पूर्व सशस्त्र प्रहरी संघले पनि संस्थापक सदस्य भई निरन्तर रुपमा उल्लेखनीय भूमिका खेलिरहेको छ ।

**संघका उद्देश्यहरु :-**

(क) नेपाल पूर्व सशस्त्र प्रहरी संघ गैर नाफामुलक, गैरराजनीतिक तथा मुनाफारहित बहुउदेश्यीय जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) संघले अवकाश प्राप्त सशस्त्र प्रहरीका आश्रित, बाल बालिका तथा जेष्ठ नागरिकको सुरक्षा, शिक्षा, स्वास्थ्य र सर्वागीण विकासमा सहयोग पुऱ्याउने प्रयास गर्नेछ ।

(ग) संघमा आवद्ध सेवानिवृत्त सशस्त्र प्रहरीहरुले सेवामा रहंदा आर्जेको अनुभव, ज्ञान, सीप योग्यता र दक्षतालाई राष्ट्रिय स्वतन्त्रता सार्वभौमिकताको रक्षाका साथै जेष्ठ नागरिक, मानसिक तथा शारीरिक रुपमा अशक्त बालबालिका लगायत अवकाश प्राप्त सशस्त्र प्रहरीहरुका परिवारका हकहित एवं संरक्षण र सेवामा सहयोग गर्न संगठित रुपमा यो संघ प्रयासरत हुनेछ ।

(घ) जेष्ठ नागरिकहरु, पूर्व राष्ट्रसेवक, उनीहरुको परिवार एवं मुलुकका पिछडीएका

वर्गलाई सहयोग र स्वरोजगारीका लागि विभिन्न किसिमका आयमूलक योजना तालिम र कार्यक्रमहरु संचालनका लागि प्रयास गर्नेछ ।

(ङ) संघले अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुका बीच समाजका विविध कल्याणकारी कार्यका साथै एकता, भातृत्व, आपसी सहयोग र सद्भाव अभिवृद्धि गर्दै राष्ट्र र समाजप्रति उत्तरदायित्वबोध गर्ने र गराउनेछ र राष्ट्रिय अखण्डता, राष्ट्रिय हीत, अक्षुणता सार्वभौमिकताको जगेर्ना र राष्ट्रिय सुरक्षा कायम गर्नमा सहयोगीको रुपमा भूमिका खेल्ने प्रयास गर्नेछ ।

(च) संघले राष्ट्रलाई आवश्यक परेमा सुशासन स्थापित गर्न भरपर्दो सुरक्षा पद्धतिको विकास गर्न आवश्यकता अनुसार सशस्त्र प्रहरी बल लगायत सम्बन्धित निकाय र पदाधिकारीलाई सल्लाह र सुझाव दिने र सक्दो सहयोग पुऱ्याउन प्रयास गर्नेछ ।

(छ) विश्वको बदलिंदो परिस्थितिअनुरुप पूर्व कर्मचारीहरुका समान प्रकृति र चरित्रका विधिसम्मत रुपमा गठित राष्ट्रिय र नेपाल सरकारको अग्रिम स्विकृति लिई अन्तर्राष्ट्रिय संगठनहरुसंग मैत्रीपूर्ण सम्बन्ध, सद्भाव, अभिवृद्धि गर्दै मानव कल्याण एवं सामूहिक हितका लागि उपयुक्त कार्य सञ्चालन गर्न प्रयत्नरत रहनेछ ।

**हालसम्म संघबाट भए गरेका मुख्य मुख्य गतिविधिहरुको संक्षिप्त विवरणः**

१. संघको विधान परिमार्जन र करछुटको व्यवस्था ।

२. सानै भएपनि संघको आफ्नै कोषको व्यवस्था ।

३. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्रको सहयोगमा व्याजमात्रै खर्च गर्न पाउने गरी रु.४० लाखको अक्षयकोष स्थापनाको व्यवस्था ।

४. संघको केन्द्रिय कार्यालयको लागि हलचोक स्थित ए.पि.एफ.वेलफेयर प्लाजाको दोश्रो तलामा उपयुक्त कार्यालयको व्यवस्था ।

५. नियमित लेखा परीक्षण गराई बार्षिक रुपमा केन्द्रिय परिषदको सभा बोलाउने पद्धतिको विकास ।

६. संघको वेभसाइट संचालन गरी विविध जानकारीमूलक गतिविधिहरु राख्ने व्यवस्था ।

७. अवकास प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरु स्वतः संघको सदस्य हुने व्यवस्था ।

८. पारिवारीक निवृत्तिभरण प्राप्त गर्ने परिवारका सदस्य पनि स्वतः संघको सदस्य हुने व्यवस्था ।

९. बार्षिक रुपमा संघका गतिविधिहरु सदस्यहरु सम्म पुऱ्याउन कम्तिमा पनि एउटा पुस्तक प्रकाशन गर्ने परम्पराको व्यवस्था ।

१०. सम्मान पुरस्कार र विविध सहयोगको व्यवस्था सुरु गरिएको ।

११. आजीवन सदस्य बनाउने र प्रमाण पत्र दिने व्यवस्था ।

१२. सदस्यहरुको फोटो सहितको व्यवस्थित अभिलेख राख्ने र परिचय पत्र पनि प्रदान गर्ने व्यवस्था ।

१३. सहयोगी दाताहरुलाई सम्मान गर्ने परम्पराको थालनी ।

१४. संघका सदस्यहरुमा आपसी सहयोग आदान प्रदानको व्यवस्था ।

१५. पूर्व कर्मचारी संगठन राष्ट्रिय समन्वय परिषदमा आवद्धता भई परिषदको गतिविधिमा सक्रिय सहभागिता जनाउने व्यवस्था ।

१६. सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय

सँग निकट रहेर विविध सहयोग र सहकार्यको व्यवस्था ।

१७. पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुलाई सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयबाट परिचय पत्र उपलब्ध गराउने व्यवस्था ।

१८. अमर सशस्त्र प्रहरीका परिवार तथा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुलाई मात्र ए.पि.एफ. अस्पतालबाट औषधि उपचारको सुविधा रहेकोमा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुका आश्रित परिवारहरुलाई समेत सम्भव भए सम्म औषधि उपचारको व्यवस्था ।

१९. अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुको निधन भएमा क्रिया खर्च बापत रु.३०,०००।- (तिस हजार मात्र) स.प्र.बल कल्याणकारी सेवा केन्द्रबाट आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था ।

२०. अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुले पालना गर्ने गरी आचारसंहिताको व्यवस्था ।

२१. नेपाल ए.पि.एफ.अस्पताललाई सानै भए पनि भविष्यमा अरु थप गर्दै जाने गरी रु.१,११,१११।०० रुपैयाँको अक्षयकोष स्थापनाको व्यवस्था ।

२२. नेपाल ए.पि.एफ.स्कूललाई रु.५०,०००।- रकम बराबरको भौतिक सामाग्री सहयोग स्वरुप उपलब्ध र भविष्यमा पनि आवश्यकता अनुसार उपलब्ध गराउने व्यवस्था ।

२३. दैवि प्रकोपको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने स.प्र.बल नेपालका २ जना जवानहरुलाई प्रोत्साहन स्वरुप नगद पुरस्कार सहित सम्मान गरिएको र भविष्यमा निरन्तरता गर्ने व्यवस्था ।

२४. संघको आर्थिक गतिविधिहरुलाई पारदर्शि र व्यवस्थित रुपमा संचालन गर्न आर्थिक प्रशासन सम्बन्धी नियमावली निर्माण गरी कार्यान्वयन गरिएको ।

२५. सशस्त्र प्रहरी बल, नेपाल कल्याणकारी सेवा केन्द्रको संचालक समितिमा संघको तर्फबाट पनि प्रतिनिधित्वको लागि सशस्त्र प्रहरी बल प्रधान कार्यालयसँग अनुरोध गरिएको ।

२६. स-सम्मान अवकाश प्राप्त ७० बर्ष उमेर नाघेका सशस्त्र प्रहरी कर्मचारी प्राकृतिक वा मानवजन्य कारणले परिवारका सदस्य जीवित नभई एकल जीवन व्यतित गर्नु पर्ने अवस्था हुनुको साथै विरामी वा वृद्ध अवस्थाले हिडडुल गर्न नसक्ने दयनिय अवस्था भएमा जीवन यापनका लागि आजीवन बार्षिक रु.२ लाख रुपैयाका दरले जीवन यापन सहयोग उपलब्ध गराउने व्यवस्था भएको र संघको तर्फबाट उमेरको हदबन्दी हटाउन अनुरोध गरिएको ।

२७. स-सम्मान अवकाश ग्रहण गरेका सशस्त्र प्रहरी कर्मचारीहरु काम विशेषले काठमाण्डौं आउँदा हलचोक स्थित प्रधान कार्यालय सँगै रहेको ए.पि.एफ.ट्रान्जिट क्याम्पमा बस्ने सुविधाको व्यवस्था ।

२८. सशस्त्र प्रहरी बल, नेपालको पेट्रोल मिति २०७२/०५/२९ गतेदेखि २ जना अशक्त अवकाश पाएका कर्मचारीहरुलाई कामकाज गर्ने व्यवस्था ।

२९. विधान बमोजिम संघको कार्यकारिणी समितिलाई सहयोग गर्न सात वटा विभिन्न उप समितिहरुको व्यवस्था ।

३०. संघको विस्तार विकासको लागि ५ विकास क्षेत्र र उपत्यकाका लागि समेत पदेन केन्द्रिय उपाध्यक्षको मर्यादामा रहने गरी क्षेत्रीय अध्यक्षमा विभिन्न व्यक्तित्वहरु सातौं केन्द्रिय परिषदको सभाबाट निर्वाचित हुनुभएको ।

३१. संघलाई विकास गराउँदै लाने क्रममा आर्थिक बर्ष ०७३/०७४ मा २८ जना लाई आजीवन सदस्यता प्रदान गरी हालसम्म १६० जनालाई आजिवन सदस्यता प्रदान गरिएको ।

३२. संघलाई समाज कल्याण परिषदमा समेत आवद्ध गराईएको ।

३३. क्षेत्रीय तहमानै सदस्यता प्रदान गर्न र सानै भए पनि कोष स्थापनाको व्यवस्थापन गर्न क्षेत्रीय अध्यक्षज्यूहरुलाई अख्तियारी प्रदान गरिएको ।

३४. भूकम्प पीडित नागरिकहरुको सहयोगार्थ संघका सदस्यहरुबाट स्वेच्छिक रुपमा उठेको रकम सघको तर्फबाट प्रधान मन्त्री दैवी प्रकोप राहत कोषमा १,५१,०००।०० (एक लाख एकाउन्नन हजार रुपैया) जम्मा गराईएको ।

३५. एक ठाउँमा एउटा मात्रै घर भएका खास गरी जुनियर तहबाट अवकाश प्राप्त गरेका भूकम्प पीडित संघका सदस्यहरुलाई गठीत समितिको सिफारिसको आधारमा संघका सदस्यहरुबाट स्वेच्छिक रुपमा उठेको रकमबाट राहत स्वरुप जनही रु. १०,०००।- का दरले आर्थिक सहयोग उपलब्ध गराईएको ।

३६. सघको विस्तार विकासको क्रममा उपत्यका, पुर्व क्षेत्र र मध्ये क्षेत्रमा क्षेत्रीय स्तरका र सिन्धुली तथा नुवाकोट जिल्लामा धादिङ रसुवालाई समेत समेटेर जिल्ला स्तरको कार्यकारीणी समितिको गठन भई उपत्यकाको काठमाण्डौ जिल्लामा कानुन बमोजिम दर्ता समेत भईसकेको ।

३७. संघका भूकम्प पिडित सदस्यहरुको सहयोगार्थ संघका सल्लाहकार एवं अन्तरार्ष्ट्रिय स्तरको रामकृष्ण आश्रमका सचिव श्री रविराज थापाज्यूको पहलमा उक्त संस्थाबाट प्राप्त भएको मण्डी १०५ थानबाट पीडित सदस्यहरुलाई २/२ थानका दरले वितरण गरिएको ।

३८. संघको विशेष पहलमा भूकम्प पीडित सदस्यहरुलाई पनि मातृ संस्था सशस्त्र प्रहरी बल संगठन मार्फत कल्याणकारी सेवा केन्द्रबाट ४४ जना रु. ३०,०००।-, का दरले आर्थिक सहयोग उपलव्ध भई सम्बन्धित भूकम्प पीडित सदस्यलाई हस्तान्तरण गरिसकिएको ।

३९. संघका आजीवन सदस्य स.प्र.ज.(अ.प्रा.) गंगादत्त पुडासैनीको वर्ष २ को छोरा तातो तेलले जली कान्ति बाल अस्पतालमा उपचारार्थ रहेकोमा तत्काल संघको तर्फबाट रु.५,०००।- र संघका पदाधिकारीहरुबाट स्वईच्छाले दिनु भएको रकम समेत गरी जम्मा रु. १४,५००।- आर्थिक सहयोग उपलव्ध गराईएको ।

४०. अमर सशस्त्र प्रहरीका परिवारहरुले पाउने पेन्सन लगायतको सुविधा नेपाल प्रहरीका अमर प्रहरीका परिवारले पाए सरह नभएको भन्ने गुनासोहरु बारम्वार संघमा आईरहेको हुँदा समान वा सो भन्दा बढी बनाउने तर्फ संगठनबाट भरपुर पहल हुनका लागि पटक पटक अनुरोध पत्र पठाईएको ।

४१. अमर सशस्त्र प्रहरीका सन्तति मध्ये अत्यन्त न्यून संख्यामा नेपाल एपीएफ स्कुलमा अध्ययन गरिरहेकोले ती अम्मर प्रहरीका सन्ततिलाई सम्भव भएसम्म निःशुल्क अध्ययनको व्यबस्था हुन अनुरोध पत्र पठाईएको ।

४२. स.प्र.बल नेपालका संगठन प्रमुखज्यू संघको संरक्षक रहने व्यवस्था ।

४३. संघको सम्पर्क, समन्वय र आधिकारिक सूचना आदानप्रदानका लागि प्रवक्ताको व्यवस्था ।

**भावि योजनाः-**

**१) संगठन बिस्तार तथा श्रोत व्यवस्थापनः-**

क) संघको विस्तार विकासमा विशेष पहल गर्ने ।

ख) विधान बमोजिम गठित उप समितिहरुलाई सक्रिय तुल्याउन प्रयास गर्ने ।

ग) संघको अक्षय कोषमा कम्तिमा पनि १ करोड सम्म पुऱ्याउने तर्फ पहल गर्ने ।

घ) संघलाई आत्मनिर्भर बनाउँदै लैजान आर्थिक तथा आवश्यक विविध भौतिक सामाग्रीहरुको सहयोग प्राप्त गर्ने तर्फ पनि पहल गर्ने ।

**२) कल्याणकारी कार्य तर्फः-**

क) अवकाश प्राप्त कर्मचारीहरुलाई दृष्टिगत गरी रोजगारीको व्यवस्थापन गर्दै जाने ।

ख) अशक्त परिवारको पहिचान र सहयोग ।

ग) शिक्षा र तालिमको क्षेत्रमा सेवा र सहयोग ।

घ) पूर्व कर्मचारी संगठन राष्ट्रिय समन्वय परिषदसँगको सहकार्यमा गरिने विभिन्न कल्याणकारी कार्यहरु ।

**३) बर्गीय हक हीत संरक्षणः-**

क) सशस्त्र प्रहरी बलमा भर्ना हुन ईच्छुक र योग्य परिवारका सदस्यहरुको हकमा विशेष सिफारिशको व्यवस्था ।

ख) स्वास्थ्य सेवा लगायत अन्य सुविधाको लागि पारिवारिक परिचय पत्र दिने व्यवस्था ।

ग) कल्याणकारी सेवा केन्द्र सँगको सहकार्यमा गरिने कल्याणकारी कार्यहरु

घ) आवश्यकता अनुसारको अन्य कार्यहरु

**४) सामाजिक उत्तारदायित्व बहनका कार्यहरुः-**

क) बृद्ध-बृद्धा, अपाङ्ग, अशक्त, अनाथ बाल-बालिका तथा दैवी प्रकोप पीडितहरुलाई सहयोग ।

ख) सरसफाई वृक्षारोपण त्यस्तै अन्य सामाजिक एवम् धार्मिक कार्यहरु ।

ग) सशस्त्र प्रहरी बलसँगको सहकार्यमा गरिने विभिन्न सामाजिक कार्यहरु ।

घ) पूर्व कर्मचारी संगठन राष्ट्रिय समन्वय परिषदसँगको सहकार्यमा गरिने विभिन्न सामाजिक कार्यहरु ।




# PARADIGM OF TRANS-NATIONAL CRIME



***Kishor Kumar Lama***
*Inspector General, Retd, Armed Police*
*Chairman, Nepal Ex-Armed Police Association*

The paradigm of trans-national crimes have become complex global challenge. It seems Global governance has failed to keep pace with economic globalization because of its double edged sword nature. The openness in trade, finance, travel and communication has created economic growth and well-being, simultaneously giving opportunities for criminals to prosper. Trans-National Crimes are illegal activities carried across national/international borders for financial, socio-political benefits and imminent threat to National Security. The Trans-national crimes are Drug, Human Trafficking, Arms, Gold Smuggling, Kidnapping, Extortion, Terrorism, Money Laundering, Counterfeit Currency, Cyber Crime, Loan sharking, Extortion, Environmental resources trafficking (Timber, Herbs, Wild life, precious stones) Medicines and Product counterfeiting Identity Theft, Antiques, Endangered species, illegal Migrants. Human slavery today is alive and is global problem as human trafficking, is the third largest illicit global trade beside drugs and guns. The United Nations estimates global trafficking involves 4 million people annually generating $7-10 billion. Many trafficked victims serve as sex, farm, factory, or domestic slaves. Southeast Asia is the largest exporters of sex slaves, 35,000 Nepalese girls are sold to Indian brothels, Middle East annually. The smuggled 2.5-3 million migrants are from South East Asia, Africa to Europe and from Latin America to US. Europe is the highest heroin market (US$20 billion), while Russia is largest heroin consumer (70 tons). Raw heroin, Psychotropic substances, Amphetamine and ecstasy are abused in Nepal smuggled from India, Thailand. Nepal is a transit route to major transnational crime. Heroin from Golden crescent Afghanistan, Pakistan, Iran and Golden triangle Burma, Thailand, Laos and Colombian cocaine are smuggled to Europe and US via land, air and sea route. The drug profits are US$55 billion for Afghan heroin and 72 billion cocaine market in North America and Europe. The global market for illicit fire-arms is US$170-320 million which is 10-20 % of the licit market. UNODC estimates that illicit wood products imported from South East Asia and Pacific to EU and China are valued $17 billion. The trafficking of natural resources and wildlife from Africa and South-East Asia are disrupting fragile eco-systems, global warming and driving species to extinction. The counterfeit goods detected at European border is value of US$10 billion, as half of medications tested in Africa and South East Asia are counterfeited increasing illness. The piracy attacks off the Horn of Africa makes US$100 million annual ransom income.Today, illicit goods are sourced from one continent, trafficked across another, and marketed in a third, becoming a threat to peace, economy, development and sovereignty of nations using weapons and violence, financing elections to topple the government to create favorable situation by supporting their candidate and party to win, buy politicians and power where rule of law is weak, a state unrestrained political corruption known as kleptocracy. They use private sector for laundering money. This leads to the criminalization of the state by building corrupt networks between business, crime, and politics. Criminals effectively use all the trappings of the state to facilitate their activities: territorial waters, diplomatic passports, diplomatic pouches, immunity from prosecution, intelligence, even the state financial apparatus are exploited and influencing political process by funding key politicians. From counterfeiting drugs and software to identity theft and credit-card fraud, illegal transactions are increasingly infiltrating legitimate businesses where counterfeited goods and money laundering are buried in the billions of legitimate computer

transactions. According to World Health Organization, 50% of medicines sold are counterfeit. Annually 1.5 million people suffer identity theft for an economic loss estimated US$1billion, while cybercrime is endangering the security of nations: power grids, air trafficking, penetrating nuclear installations. Cyber space is one domain, recognizes no national boundaries or man-made sovereignty. Criminals are motivated by profit Money, Respect, Power. The Center of Gravity covers criminal activities, enormous profit, market, corrupt officials and low-risk environment providing strength to criminals. Globally Trans-National crime has annual expenditure of 1 trillion $ likewise 1 trillion $ on bribing. The state is hollowed out from inside captured by crooked clique hiding their criminal activities behind veil of legitimacy, use the proceeds of crime to build patronage networks. The social contract is replaced by a criminal bargain making it state-sponsored, and in return the sponsors are protected and enriched by the criminals. The rule of law is replaced by bullet and bribe, deepening corruption, compromises integrity of state institutions and pushes common people into taking the law into their own hands. Collapse of the rule of law can also strengthen the appeal of political groups offering extreme alternatives, even authoritarian rule. The richer and more powerful they become, the greater the threat they pose to national, regional and global security. Mafia will not stop illicit activities unless their markets remain unaddressed, including white-collar collaborators who cover them up and launder proceeds. When states fail to deliver public services and security, criminals fill the vacuum, The Global Trend of Lone Wolf Terrorist incidents in Paris in Bastille Day, ramming crowd by Truck and stabbing pedestrians in EU are new mode of attack. According to UNODC, drug trafficking, trans-National organized crime, the movement of illicit firearms and money laundering have become integral parts of terrorism. The intelligence community has concluded threatening crime-terror nexus. Nepal and India have overarching security issues with criminal and terrorist impacting open border, lee-way to criminal in cross-border nefarious activities affording perpetrators to evade arrests by sneaking to Nepal or vice versa. But restriction alone in open border is not the solution rather would have detrimental impact upon economy and strain relation. The effective measure would be to implement Limited Regulated Border Monitoring Management in risk prone areas controlling crime and terrorism along the border with sufficient security personnel with techno-scientific support. The geo-political situation not only address mutual security considerations but also foster socio-economic bilateral relations. It has allowed Nepalese and Indians to find employment and business. No man's land has risk of being used as hideout, explosives storing, criminal and terrorist activities. The higher level of Trans-National criminality discourages investment stifling economic development. The developing countries in South East-Asia present a peculiar dimension in security due to poverty, unemployment compelling youths to involve in crime, and should not be looked as one country's problem rather a single picture and combating with shared responsibility. Border security of India and Nepal is significant, wherever threats exists can spill in both countries and become regional threat. Without a global perspective there cannot be evidenced based policy. States have to look beyond borders to protect their sovereignty. Governments that are serious about tackling the globalization of crime should spur the nations that are lagging behind in expertise and resources. The 23rd Regional Interpol Conference held in Kathmandu pointed, Nepal a transit hub for smuggling drugs, gold, animal parts may turn in to safe haven for criminals and terrorists. Criminals and Terrorists follow the paths of low risk states characterized by corruption, instability and underdevelopment. The seriousness of these problems necessitates to explore effective policy responses and implement comprehensive strategies. The existing border security policies needs to be revamped, empowering Indo-Nepal Joint working Group and Border District Coordination Committee. Border areas must be developed in to economic zones for effective public service.

It is imperative to break economic power of trans-national criminal nexus protecting regulated market from criminal penetration. The criminal networks impacting National Security must be deprived of their enabling means, preventing criminal facilitation of terrorist activities. Special Border Surveillance and Informant Teams must be deputed in Border and Airport. The UN Convention against Transnational Organized Crime, Financial Action Task Force and World Bank to combat Trans Border Organized Crime by conducting assessments of anti-money laundering provisions, and International Criminal Police Organization's (Interpol) joint endeavor must be robustly materialized. The implementation of Limited Regulated Border Monitoring System would be relevant approach to combat imminent threat of Trans-National Crime to protect National Security interest of India and Nepal. The existing geo-political, social, religious, economic bondage and security are interrelated. The importance of an integrated regional energy grid, demand and mutual energy interdependence, sharing water might offer plausible pathways to regional cooperation serving as building blocks for strengthening new paradigm of political and security cooperation in the future. In essence we have to cooperate and collaborate on security interest as a result of economic integration thereby setting up task forces to prevent cross-border crimes, trans-border intelligence sharing, law enforcement cooperation, conducting Intel-guided operation, coordinated patrolling, solve border disputes and develop infrastructure, cooperating to multiply our efforts along the border devoid of conflicts to strengthen rule of law and defeat security and other challenges in border. The Millennium Developments Goal is the best anti-dote to crime while crime prevention helps in making fragile region less prone to crime and neutralizes criminals. Nepal has always cooperated and rendered its utmost efforts to deter threats impacting National Security and directed against its Neighboring nations, South Asia and Global Security.


**Gopal Prasad BK**
*Chairman*
Cell : 9851093913

*Approved by Nepal Government*
*Regd. Lic. No. : 87248/068/069*



**नागरिक सेक्युरिटी सर्भिस प्रा.लि.**
**Nagarik Security Service (P.) Ltd.**

Kathmandu-35, Koteshwor, Jadibuti, Nepal, Phone : 01-4992795
Email : info.nagarikss@gmail.com, Website : www.nagariksecurity.com.np

**Our Services**

- Security Guard Training
- Body Guard + (Marshal Art, Judo, Karate)
- College, School Hostel Guard
- Bank, Finance, Insurance any Investment Company Guard
- Hospital Guard
- Block (Tole) Mobile Security Guard
- Shopping Complex, Hotel, Housing & Home Guard
- Industries Guard
- Project & NGO, INGO Guard
- Money Transfer Guard
- Intelligence Guard
- Any Other Sectors Guard
- Daily Basic Guard (For any program, Party Palace etc.)

Faithful, a quality security guard suppliers & training, CCTV Camera, Fire extinguisher, metal detector with all kinds of Security accessories suppliers.

# नेपाल पूर्व सशस्त्र प्रहरी संघका हाल सम्मका कार्यकारिणी समितिहरू

## प्रथम कार्यकारिणी समितिका पदाधिकारीहरु

## (२०६४/०६/२७ - २०६७/०२/२८)

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री सहवीर थापा | स.प्र.म.नि.(अ.प्रा.) |
| २. | उपाध्यक्ष | श्री ज्ञानेन्द्रराज राई | स.प्र.ना.म.नि.(अ.प्रा.) |
| ३. | उपाध्यक्ष | श्री दिलिपकुमार श्रेष्ठ | स.प्र.ना.म.नि.(अ.प्रा.) |
| ४. | सचिव | श्री पोषेन्द्रध्वज खाँण | का.मु.स.प्र.ब.उ.(अ.प्रा.) |
| ५. | सह-सचिव | श्री अर्जुन पाण्डे | स.प्र.ना.नि.(अ.प्रा.) |
| ६. | कोषाध्यक्ष | श्री शिवराज गौली | स.प्र.ना.म.नि.(अ.प्रा.) |
| ७. | सह-कोषाध्यक्ष | श्री बालकृष्ण खकुरेल | स.प्र.ना.उ.(अ.प्रा.) |
| ८. | सदस्य | श्री गोपालमान श्रेष्ठ | स.प्र.ना.म.नि.(अ.प्रा.) |
| ९. | सदस्य | श्री धनबहादुर थापा | स.प्र.ब.उ.(अ.प्रा.) |
| १०. | सदस्य | श्री प्रकाश बहादुर थापा | स.प्र.ब.उ.(अ.प्रा.) |
| ११. | सदस्य | श्री दिलबहादुर दर्नाल | स.प्र.ना.नि.(अ.प्रा.) |
| १२. | सदस्य | श्री तिलकबहादुर गुरुङ्ग | स.प्र.ब.ह.(अ.प्रा.) |
| १३. | सदस्य | श्री लक्ष्मण चौधरी | स.प्र.स.ह.(अ.प्रा.) |

## दोश्रो कार्यकालको केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीहरु

## (२०६७/०२/२९ - २०७१/०२/२८)

| | | | | |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री बासुदेव वली | स.प्र.म.नि.(अ.प्रा.) | |
| २. | बरिष्ठ उपाध्यक्ष | श्री रोहित थापा | स.प्र.अ.म.नि. (अ.प्रा.) | |
| ३. | उपाध्यक्ष | श्री प्रकाश बहादुर थापा | स.प्र.ब.उ.(अ.प्रा.) | |
| ४. | महासचिव | श्री धन बहादुर थापा | स.प्र.ब.उ.(अ.प्रा.) | |
| ५. | सचिव | श्री भीम बहादुर पन्थ | स.प्र.उ.(अ.प्रा.) | |
| ६. | सचिव | श्री बलराम तिमिल्सिना | स.प्र.ना.उ.(अ.प्रा.) | |
| ७. | कोषाध्यक्ष | श्री महेन्द्र बहादुर कार्की | स.प्र.ना.उ.(अ.प्रा.) | |
| ८. | सह-कोषाध्यक्ष | श्री बालकृष्ण खकुरेल | स.प्र.ना.उ.(अ.प्रा.) | (२०६९/६/२५ सम्म) |
| | | श्री अर्जुन बहादुर रावल | स.प्र.ना.उ.(अ.प्रा.) | (२०६९/६/२६ देखि) |
| ९. | सदस्य | श्री श्यामकृष्ण कर्माचार्य | स.प्र.ना.म.नि.(अ.प्रा.) | |
| १०. | सदस्य | श्री नवराज विष्ट | स.प्र.ना.म.नि.(अ.प्रा.) | |
| ११. | सदस्य | श्री अजय कुमार सिंह | स.प्र.उ.(अ.प्रा.) | |
| १२. | सदस्य | श्री बुद्धि बहादुर श्रेष्ठ | स.प्र.ना.उ.(अ.प्रा.) | |
| १३. | सदस्य | श्री गोपालप्रसाद वि.के. | स.प्र.ना.उ.(अ.प्रा.) | |
| १४. | सदस्य | श्री राजेन्द्रबहादुर सिंह | स.प्र.ब.उ. (अ.प्रा.) | (२०६९/६/२५ सम्म) |
| | | श्री कृष्णराज खतिवडा | स.प्र.नि.(अ.प्रा.) | (२०६९/६/२६ देखि) |
| १५. | सदस्य | श्री अर्जुन ढुङ्गाना | का.मु.स.प्र.नि.(अ.प्रा.) | |
| १६. | सदस्य | श्री राजु कार्की | स.प्र.ना.नि.(अ.प्रा.) | |
| १७. | सदस्य | श्री लक्ष्मण चौधरी | स.प्र.स.ह.(अ.प्रा.) | |

## तेस्रो कार्यकालको केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारीहरु

**(२०७१/०६/२७ – २०७५/०६/२६ )**

| | | | | |
|---|---|---|---|---|
| १. | अध्यक्ष | श्री बासुदेव वली | स.प्र.म.नि.(अ.प्रा.) | २०७३/०४/१६ गते सम्म |
| | | श्री किशोर कुमार लामा | स.प्र.म.नि.(अ.प्रा.) | २०७३/०४/१६ गते देखि |
| २. | बरिष्ठ उपाध्यक्ष | श्री रोहित थापा | स.प्र.अ.म.नि. (अ.प्रा.) | |
| ३. | उपाध्यक्ष | श्री प्रकाश बहादुर थापा | स.प्र.ब.उ.(अ.प्रा.) | |
| ४. | महासचिव | श्री धन बहादुर थापा | स.प्र.ब.उ.(अ.प्रा.) | |
| ५. | सचिव | श्री भीम बहादुर पन्थ | स.प्र.उ.(अ.प्रा.) | |
| ६. | सचिव | श्री बलराम तिमिल्सिना | स.प्र.ना.उ.(अ.प्रा.) | |
| ७. | कोषाध्यक्ष | श्री महेन्द्र बहादुर कार्की | स.प्र.ना.उ.(अ.प्रा.) | |
| ८. | सह-कोषाध्यक्ष | श्री कृष्णराज खतिवडा | स.प्र.नि.(अ.प्रा.) | |
| ९. | सदस्य | श्री दिलिप कुमार श्रेष्ठ | स.प्र.ना.म.नि.(अ.प्रा.) | |
| १०. | सदस्य | श्री श्यामकृष्ण कर्माचार्य | स.प्र.ना.म.नि.(अ.प्रा.) | |
९. चुलो तथा सिलिन्डर आफै मर्मत नगर्नुहोस् र सुरक्षा तालिम प्राप्त डिलरसँग मात्र ग्याँस खरिद तथा मर्मत गर्नुहोस्।
१०. पकाउने काम सकेपछि रेगुलेटर बन्द गर्नुहोस्।
११. रेगुलेटर ओसिलो/पानी भएको ठाउँमा नराख्नुहोस्।
१२. खाना पकाउने बेला सूती कपडाको एप्रोन प्रयोग गर्नुहोस्।





पूरा तौल र पूर्ण सुरक्षाका लागि
नारायणी ग्याँस प्रयोग गरौं।

**नारायणी ग्यास उद्योग प्रा.लि.**

खैरहनी-२, चितवन, फोन : ०५६-५८२९४९, ५८२९५०
शाखा कार्यालय : बाफल, काठमाडौं
फोन : ०१-४२७५९८७

**Man Bahadur Kamar**
*Chairman*
Cell : 9851081855

**Ram Krishna Roka**
*Marketing Director*
Cell : 9851175514





# Middle Gorkha Security Pvt. Ltd.

Balaju, Kathmandu, Nepal
Tel : 00977-1-4356718, 016200108
www.middlegorkhasecurity.com.np
Email : middlegorkha@gmail.com

**Our Services**

- Security Guard Training
- Body Guard + (Marshal Art, Judo, Karate)
- College, School Hostel Guard
- Bank, Finance, Insurance any Investment Company Guard
- Hospital Guard
- Block (Tole) Mobile Security Guard
- Shopping Complex, Hotel, Housing & Home Guard
- Industries Guard
- Project & NGO, INGO Guard
- Money Transfer Guard
- Intelligence Guard
- Any Other Sectors Guard
- Daily Basic Guard (For any program, Party Palace etc.)

Faithful, a quality security guard suppliers & training, CCTV Camera, Fire extinguisher, metal detector with all kinds of Security accessories suppliers.


## क्षेत्रीय र जिल्ला संघको विवरण र वनावट

जति जति सशस्त्र प्रहरी बल, नेपालबाट अवकास हुने कर्मचारीहरुको संख्यामा बढोत्तरी हुदै जान्छ सोही अनुपातमा संघको सदस्यता संख्यामा पनि बृद्धी हुदै जाने हो । तर भखरै १५ बसन्त पार गर्दै गरेको संगठनमा सुरु स्थापना कालमा नै भर्ना भएका कर्मचारीहरुको सेवा अवधि पनि १५ बर्ष पनि पुगेको हैन भने थोरै संख्यामा नेपाली सेना र नेपाल प्रहरीबाट ल्याईएका कर्मचारीहरुले मात्रै क्रमश अवकास लिदै जाने क्रम बढेको छ । प्रर्याप्त जनशक्तीको अभावमा चाहेर पनि संघको बिस्तार विकास हुन सकिरहेको छैन । संघ विस्तारको पुर्वाधार स्वरुप केन्द्रिय प्रतिनिधी र क्षेत्रिय संयोजक भई अवश्यक व्यबस्थापन गर्न सहज होस भन्ने उदेश्यले विभिन्न व्यक्तित्वहरुलाई केन्द्रिय परिषद्को सभाले क्षेत्रिय अध्यक्षको जिम्मेवारी दिए अनुसार उपत्यका र मध्य क्षेत्र मात्र हैन जिल्ला स्तरमा समेत संघको गठन हुने क्रम बढेको छ । जुन क्षेत्र र जिल्लाहरुमा सदस्यहरुको संख्या बढ्छ त्यही त्यही ठाँउहरु मा सोही स्तरको समिति गठन गर्दै लैजाने निती पनि संघले लिएको छ ।

सबै भन्दा पहिला क्षेत्रिय तथा जिल्ला स्तरका समितिहरु गठन गर्न सफल हुनु भएका व्यक्तित्वहरुलाई केन्द्रिय कार्यकारीणी समितीको बैठकबाट धन्यबाद ज्ञापन गर्ने निर्णय पनि भएको छ । सम्पर्कमा नरहेका आजीवन वा सक्रिय सदस्यता नलिनुभएका सदस्यहरुलाई पनि उक्त सदस्यता लिन क्षेत्रिय तथा जिल्ला समितीहरुको गठनले अझ सहज बनाउने विश्वास गरिएको छ । हालसम्म गठन भएको उपत्यका, मध्य क्षेत्र, पूर्व क्षेत्र, सिन्धुली जिल्ला र नुवाकोट जिल्ला स्तरको समिति गठनमा सहयोग पुऱ्याउनु हुने आजीवन तथा सक्रिय सदस्यहरुको विवरण सहित समितिको बनावट निम्नानुसार रहेको छ ।

# बर्तमान उपत्यका क्षेत्रीय कार्य समितिका पदाधिकारीज्यूहरू



अध्यक्ष
**श्री कमल बस्नेत**
स.प्र.ना.म.नि. (अ.प्रा.)



उपाध्यक्ष
**श्री प्रल्हाद के.सी.**
स.प्र.ब.उ. (अ.प्रा.)



सचिव
**श्री कविराज श्रेष्ठ**
स.प्र.उ. (अ.प्रा.)



सह-सचिव
**श्री मान बहादुर कमर**
स.प्र.ना.उ. (अ.प्रा.)



कोषाध्यक्ष
**श्री केशव कुमार श्रेष्ठ**
स.प्र.नि. (अ.प्रा.)



सदस्य
**श्री शिव बहादुर मल्ल**
स.प्र.उ. (अ.प्रा.)



सदस्य
**श्री रामजी अधिकारी**
स.प्र.ना.उ. (अ.प्रा.)



सदस्य
**श्री चित्र बहादुर सारु**
स.प्र.ना.उ. (अ.प्रा.)



सदस्य
**श्री दिल बहादुर खत्री**
स.प्र.ना.नि. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

सदस्य
**श्री केशव दाहाल**
स.प्र.स.नि. (अ.प्रा.)



सदस्य
**श्रीमती रितु गुरुङ्ग**
विरगति प्राप्त
स.प्र.ना.उ. गम बहादुर गुरुङ्ग



सदस्य
**श्रीमती तुल्सी बस्नेत**
विरगति प्राप्त
स.प्र.नि. शिर बहादुर बस्नेत

# बर्तमान मध्ये क्षेत्रीय कार्य समितिका पदाधिकारीज्यूहरू



अध्यक्ष
**श्री कृष्ण बहादुर विष्ट**
स.प्र.अ.म.नि. (अ.प्रा.)



उपाध्यक्ष
**श्री महावीर गुरुङ**
स.प्र.ना.म.नि. (अ.प्रा.)



सचिव
**श्री पारसमणी रोकाय**
स.प्र.नि. (अ.प्रा.)



कोषाध्यक्ष
**श्री नकुल थापा**
स.प्र.ना.उ. (अ.प्रा.)



सदस्य
**श्री भगवान श्रेष्ठ**
स.प्र.ना.नि. (अ.प्रा.)



सदस्य
**श्री रुद्र बहादुर पुलामी**
स.प्र.ना.उ. (अ.प्रा.)



सदस्य
**श्री दिपकराज पन्त**
स.प्र.नि. (अ.प्रा.)



सदस्य
**श्री ओम कुमार श्रेष्ठ**
स.प्र.स.नि. (अ.प्रा.)



सदस्य
**श्री तिलक बहादुर खड्का**
स.प्र.स.नि. (अ.प्रा.)



सदस्य
**श्रीमती मुना बस्नेत**
वीरगति प्राप्त स.प्र.व.ह.ओम बहादुर बस्नेत



सदस्य
**श्रीमती ईश्वरी कार्की**
विरगति प्राप्त स.प्र.ह. नारायणध्वज कार्की

# बर्तमान पूर्व क्षेत्रीय कार्य समितिका पदाधिकारीज्यूहरु



**अध्यक्ष**
**श्री माधवबहादुर थापा**
स.प्र.ना.म.नि. (अ.प्रा.)



**उपाध्यक्ष**
**श्री बलबहादुर मगर**
स.प्र.ना.उ. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सचिव**
**श्री कुमार कार्की**
स.प्र.नि. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सहसचिव**
**श्री कुमार कार्की**
स.प्र.स.नि. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**कोषाध्यक्ष**
**श्री विष्णुकुमार बस्नेत**
स.प्र.नि. (अ.प्रा.)



**सदस्य**
**श्री झमकबहादुर काफ्ले**
स.प्र.ना.उ. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री गोविन्दबहादुर बस्नेत**
स.प्र.ना.उ. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री भरतकुमार कार्की**
स.प्र.ना.उ. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री बाबुराम कटुवाल**
स.प्र.ना.उ. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री लाल कृष्ण ओझा**
स.प्र.ना.उ. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री बुद्धिमान श्रेष्ठ (ख)**
स.प्र.नि. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री शिवराज खनाल ओझा**
स.प्र.ना.नि. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री यादव सुवेदी**
स.प्र.ब.ह.

# नुवाकोट जिल्ला संघका वर्तमान कार्य समितिका पदाधिकारीज्यूहरू



**अध्यक्ष**
**श्री केदार बहादुर खड्का**
स.प्र.ना.उ. (अ.प्रा.)



**उपाध्यक्ष**
**श्री रूद्र बहादुर पुलामी**
स.प्र.ना.उ. (अ.प्रा.)



**सचिव**
**श्री जगन बहादुर खड्का**
स.प्र.ना.उ. (अ.प्रा.)



**सह–सचिव**
**श्री श्याम बहादुर तामाङ्ग**
स.प्र.नि. (अ.प्रा.)



**कोषाध्यक्ष**
**श्री शिवनाथ आचार्य**
स.प्र.ना.नि. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री दिल बहादुर खत्री**
स.प्र.ना.उ. (अ.प्रा.)
(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)



**सदस्य**
**श्री नारायण बहादुर थापा**
स.प्र.नि. (अ.प्रा.)



**सदस्य**
**श्री भीमसेन थापा**
स.प्र.नि. (अ.प्रा.)



**सदस्य**
**श्री अर्जुन दुङ्गाना**
स.प्र.नि. (अ.प्रा.)



**सदस्य**
**श्रीमती जीव लक्ष्मी थापा**
वीरगति प्राप्त स.प्र.नि.दिपक थापा

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्रीमती सरिता गुरूङ्ग**

# सिन्धुली जिल्ला संघका वर्तमान कार्य समितिका पदाधिकारीज्यूहरू



**अध्यक्ष**
**श्री गणेशबहादुर वस्नेत**
स.प्र.ना.उ. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**उपाध्यक्ष**
**श्री भक्तबहादुर मोक्तान**
स.प्र.ना.नि. (अ.प्रा.)



**सचिव**
**श्रीमती मेनुका घिताल**
स्व.सप्रज इन्द्रबहादुर चौलागाई

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सह–सचिव**
**श्री नरबहादुर थापा**
स.प्र.ब.ह. (अ.प्रा.)



**कोषाध्यक्ष**
**श्री चोचलराज पाख्रिन**
स.प्र.ना.नि. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री कृष्णविक्रम थापा**
स.प्र.ब.ह. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री सिंहबहादुर वाइबा**
स.प्र.ब.ह. (अ.प्रा.)



**सदस्य**
**श्री कमलबहादुर खड्का**
स.प्र.ब.ह. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री सुमन वाइबा**
स.प्र.ब.ह. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री भक्तबहादुर ठाडामगर**
स.प्र.ब.ह. (अ.प्रा.)

(सक्रिय तथा आजीवन सदस्यता लिएको नदेखिएको)

**सदस्य**
**श्री लालबहादुर वाइबा**
स.प्र.ब.ह. (अ.प्रा.)



# संघको प्रभावकारीता, वर्गिय तथा सामाजिक उत्तरदायित्व

-बलराम तिमिल्सिना
सशस्त्र प्रहरी नायव उपरीक्षक (अ.प्रा.)

संघ शब्दको अभिप्राय सहकार्य र सह सम्बन्ध सँग जोडिएको छ । संघ त्यतिकै कसैले बनाएर बन्न सक्ने साधन नै होईन । संघ बन्नका लागि उद्देश्य, मन र विचार मिल्ने धेरै जना व्यक्तिहरुको सहभागीता र हरेक प्रकारको सहयोग सहितको संघर्षको वैधानिक बाटोबाट मात्र सम्भव हुन्छ । संघको गठन भए पछि पनि सदस्यहरुको  मेलमिलाप, सहकार्य र सह सम्बन्धको अभ्यासले मात्र संघलाई उद्देश्य अनुरुप अगाडि बढाउन सकिन्छ । यसरी निरन्तर रुपमा अगाडी बढी रहन सक्यो भने संघ स्वतः प्रभावकारी हुन्छ । प्रभावकारी संघले आफ्ना सदस्यहरुलाई सधै एकतावद्ध गराएर राख्न पनि सक्दछ ।

संघमा आवद्ध सदस्यहरुका वीच भावनात्मक मेलमिलाप र एकताको सम्बन्धले नै संघले अस्तीत्व र आकार ग्रहण गर्न सक्दछ । संघको शक्ति, प्रभाव,सुरक्षा र सामर्थ्यताको लागि पनि सवभन्दा पहिला सदस्यहरुको तन, मन र धनले समेत मेलमिलाप पूर्ण एकतावद्ध सहकार्यबाट मात्र सम्भव छ । वर्गिय दृष्टिकोणबाट हेर्ने हो भने  आफूहरु हेपिएको, शोषणमा परेको, न्यायमा पँहुच नभएको महसुस भएमा एक्ला एक्लै संघर्ष गरेर न्याय प्राप्ती गर्न सम्भव हुदैन, त्यस्तो अवस्थामा सदस्यहरु एकजुट भएर संघलाई नै अगाडि नसारी आफ्ना पीर मर्का एवं कुराहरु सम्बन्धित ठाँउसम्म पुऱ्याउने उपाय नै देखिदैन बिद्यमान बदलिदो परिबेसमा । यसरी नै संघको प्रभावकारीता देखिदै जानेपनि हो । सबैलाई एकठाउामा ल्याउने एकजुट गराउने माध्यम पनि संघ हो यही नै यसको विशेषता पनि हो । त्यति मात्रै नभएर अवकाश पश्चातको संगठीत कार्य व्यवहार वनाई राख्ने माध्यम पनि संघनै हो । सदस्यहरु मात्रै होईन सदस्यका परिवारलाई समेत सदस्यको रुपमा आवद्ध गराउदै जाने विशेषता समेत संघमा छ ।

स्वैच्छिक रुपमा एकीकृत भएका पूर्व सशस्त्र प्रहरी कर्मचारीहरुको एक स्वायत्त संस्था हो  नेपाल पूर्व सशस्त्र प्रहरी संघ । यस संघमा सशस्त्र प्रहरी ऐन नियम अनुसार स-सम्मान रुपमा अवकाश ग्रहण गरेका व्यक्तित्वहरु मात्रै सदस्य हुन पाँउछन । अरु संघ संस्था र यसमा भिन्नता भनेको यही नै हो भने खास गरी संगठनको जुनियर तहको अनुशासनमा बसी अवकाश ग्रहण गरेका व्यक्तित्वहरु संघमा पनि त्यस्तै कडा व्यवहार होला भन्ने ठानेर सदस्यता लिन पनि असजिलो मान्ने गरेको देखिन्छ । तर संघ त्यस्तो हुँदै होइन यहाँ त संयुक्त स्वामित्व र प्रजातान्त्रीक नियन्त्रण प्रणालीबाट संचालीत संघमा आवद्ध हुन र समान लाभ प्राप्त गर्न सशस्त्र प्रहरी वल नेपालबाट स-सम्मान अवकाश ग्रहण गर्नु भएका व्यक्तित्वहरुलाई स्वागत गर्न पर्खी रहेको छ संघ परिवार । हाल सम्म सम्पर्कमा नआउनु भएका साधारण सदस्यहरुको सहभागिता र सहयोग बिना संघको बिस्तार बिकास सम्भब नै छैन भन्दा दुई मत नहोला ।

नेपाल पूर्व सशस्त्र प्रहरी संघ एक राष्ट्रव्यापी अभियान भएकोले केन्द्र बाट सुरुवात भई राष्ट्रव्यापी रुपमा संगठन विस्तार गर्ने प्रयासमा लागी रहेको छ । जव सम्म राष्ट्रव्यापी रुपमा संगठन विस्तार हाुदैन तवसम्म सवै सदस्यहरुलाई सजिलै एक जुट गराउन पनि सम्भव देखिदैन भावनात्मक एकता रहेता पनि नियमित सम्पर्क, जानकारी र सूचनाको अभाव संगठनात्मक संरचनाका वाधाहरु हुन भने संघ संग अवकाश प्राप्त सवै सदस्यहरुको सम्पर्क नम्बर लगायत पहुँच छैन । स्वयम् सदस्यले रुची र चासो राखेर संघको सम्पर्कमा नआएसम्म खोजेर बस्ने सम्पर्क नहुने समस्या रहिरहने भएकाले सदस्यहरुको पीर, मर्का संघ ले कसरी थाहा पाउन सक्छ र ?  कसरी वर्गिय हीतमा काम गर्न सक्छ ? यस्तो कार्य व्यवहारले संघलाई  दोष मात्रै दिने सहयोग नगर्ने प्रवृत्ति मात्रै भएन र ? सम्पर्कमा नभएका र नरहेका सदस्यहरुसम्म पनि वर्षमा एक पटक मात्रै भए पनि प्रकाशित हुने यो पुस्तक ढिलो चाँढो उहाँहरुको हातमा पनि पुग्ला भन्ने विश्वास रहेको छ ।

नेपाल पूर्व सशस्त्र प्रहरी संघ गैर राजनैतिक गैर नाफामूलक विशुद्ध सामाजिक संस्थाको रुपमा स्थापीत

हुने प्रयास गरिरहेको छ । संघले वोक्न खोजेको जिम्मेवारीमा खासगरी वर्गिय हक हीत  र सामाजिक उत्तरदायित्व मुख्य २ वटा पाटा हुन । वर्गिय हीतमा गरिने कार्यहरु पनि एक किसिमले सामाजिक कार्यहरुनै हुन । फरक भनेको निश्चित समूहका लागि मात्रै लक्षीत हुने हो । संघको सामाजिक  उत्तरदायित्व भनेको समुदाय, समाज र मुलुक प्रतिको जिम्मेवारी पनि हो । तर सामाजको सकारात्मक भूमिका र स्वीकार विना संघले संचालन गर्ने कुनै पनि गतिविधी प्रभावकारी रुपमा सम्पादन हुन र गर्न सकिदैन । संघका लागि सामाजिक उत्तरदायित्व अनिवार्य र गम्भीर विषय वन्दै गई रहेको परिवेशमा सामाजिक उत्तरदायित्व संघको लागि एक खालको वाध्यकारी कर्तव्य बनेको छ । संघलाई नैतिकवान वनाउने र सरोकार वालाहरु प्रतिको दायित्वलाई यथोचित निर्वाह गर्ने विषय समेत संस्थागत सामाजिक  उत्तरदायित्व  हो ।

सामाजिक उत्तरदायित्वको अवधारणा नयाँ स्वरुपमा विकास भई रहेको छ । नेपाल पूर्व सशस्त्र प्रहरी संघका सदस्यहरु ईमान्दार, खुलापन, सामाजिक उत्तरदायित्व र अरुको हेरचाह जस्ता नैतिक मूल्यहरुमा विश्वास गर्न जानेका छन् । यसले संघका सदस्यहरु आधारभूत रुपमानै सामाजिक उत्तरदायित्वसँग जोडिएको तथ्यलाई प्रमाणीत पनि गर्दछ । संघका सदस्यहरु धेरै जनाले समाजमा नेतृत्व दिएर ठूला ठूला सामाजिक एवं सामुदायिक कार्यहरु सम्पन्न गरिरहनु भएको कुरा संघले जानकारी प्राप्त गरिरहेको छ ।

संस्थागत सामाजिक उत्तरदायित्व व्यापक रुपमा प्रयोगमा आई रहेको पाइन्छ । नेपाल पूर्व सशस्त्र प्रहरी संघले पनि यस क्षेत्रमा काम गर्दै अगाडि बढ्ने कोशिस गर्दै आईरहेको छ तर औपचारीक रुपमा संस्थागत हिसावले अरु सामाजिक संघ संस्थाहरुलाई समेत नेतृत्व दिएर अगाडी बढ्न सक्ने वातावरण वनाउदै जानु अवको आवश्यकता पनि हो । समाजको अगुवाई गर्ने उद्देश्य राख्ने संघका सदस्यहरुले पनि सवभन्दा पहिला आफ्नो संघ बलियो बनाउने तिर लाग्नु पर्दछ । संघ वलियो त्यतिवेला मात्र हुन्छ जति वेला सदस्यहरु भावनात्मक रुपले तन, मन र धनले समेत एकजुट हुन्छन् भने त्यत्ति बेलानै संघको प्रभावकारीता समाजमा ऐना जस्तै छर्लङ्ग हुँदै जान्छ । सदस्यहरुको मेलमिलाप पूर्ण एकता र सक्रियताले संघलाई प्रभावकारी संस्थाको रुपमा विकास गराउँदछ । संघको प्रभावकारीताले सदस्यहरुलाई भावनात्मक रुपमा एकतावद्ध गराई राख्न सक्दछ । न्यायोचीत विश्वव्यापी सिद्धान्तले कुनै पनि व्यक्तिले केही काम गर्दछ भने आफूले छोडेको नलिएको अवस्थामा वाहेक त्यस्तो व्यक्ति पारिश्रमीकको हकदार पनि बन्दछ । यसै सिद्धान्तको आधारमा लामो समय संघमा काम लगाईन्छ भने संघको कार्यमा खटिने सदस्यहरुलाई उचित पारिश्रमीक व्यवस्थापन गर्नु पनि संघको दायित्व भित्र पर्दछ । सदस्य र कर्मचारीहरुलाई उचित पारिश्रमीक व्यवस्थापन गर्न नसक्दासम्म संघ प्रभावकारी वन्न नसक्ने तथ्यलाई दृष्टीगत गरी समयानुकूल सुधार व्यवस्थापन आजको आवश्यकता हो ।

संघको प्रभावकारीता र उत्तरदायित्व एक सिक्काका दुई पाटा जस्तै हुन । संघ साधन वा माध्यम मात्रै हो भने सदस्य यसका संचालक वा पाईलट हुन । सदस्यले नै साधन वा माध्यमलाई सही, व्यवस्थित र दुरुस्त हालतमा राख्न सकेको खण्डमा मात्रै चाहेको र आवश्यक परेको वेलामा प्रयोग गर्न सकिन्छ, ताकी कुनै कठिनाई पर्दैन तर संचालक एवं पाईलटले लापरवाही वा रुची नराखेको अवस्था मा चाहे अनुसार संचालन संभव हुँदैन । जस्तै पैसा हुँदैन, सदस्यहरु उपस्थित भई दिदैनन् भने संघको कुनै अर्थ रहदैन । त्यसैले संघ र  सदस्यहरुलाई सन्तुलन वनाई राख्न संघको कार्यकारिणी समिति पूर्ण रुपमा जिम्मेवार हुनु पर्दछ, कार्यकारीहरु सेबकको रुपमा रहनु पर्दछ, कार्य व्यवहारमा सकेसम्म लचकदार बन्नु पर्दछ । सबभन्दा ठूलो कुरा गुनासोहरु सुन्न सक्नु पर्दछ । गुनासोहरु र राय सुझाबलाई सम्बोधनको लागि अधिकतम् प्रयास गरिनु पर्दछ । कार्यकारिणीको कार्य व्यवहारले नै संघको प्रभावकारीता बढाउने र घटाउने कार्य समेत गर्दछ ।

दशौं संघ दिवसको अवसरमा प्रकाशन हुन लागेको पुस्तकद्वारा कानुनसम्मत रुपमा संघको जन्म (गठन) गराउने समूहको नेतृत्वकर्ता संस्थापक अध्यक्ष पूर्व स.प्र.म.नि. स्व.सहवीर थापा समेतको संस्थापक समुहलाई स्मरण गर्दै हार्दिक धन्यवाद दिनै पर्दछ ।

**-लेखक संघका आजिवन सदस्य एवं सचिव हुनुहुन्छ**

# पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद्, नेपालको परिचय

नेपालको निजामती, सैनिक, सशस्त्र र जनपद प्रहरी सेवामा रही निवृत्त भएकाहरुको राष्ट्रिय स्तरको गैर राजनीतिक संगठनहरुको रुपमा "पूर्व राष्ट्रसेवक संगठन राष्ट्रिय समन्वय परिषद्, नेपाल" नामक संस्था २०६८ सालमा स्थापित भएको छ । राष्ट्रको दीर्घकाल पर्यन्त सेवा गरी निजामती, सैनिक, प्रहरी र यस्तै अन्य सेवाबाट निवृत्त भएका राष्ट्रसेवकले विधि विधान ऐन कानूनबाट प्रत्याभूत गरिए अनुसार निवृत्तिभरण पाउनु निवृत्तहरुको हक अधिकार हो भने, त्यसै गरी राष्ट्रसेवामा रही राज्यको लगानी तथा व्यक्तिगत प्रयासमा आर्जेको ज्ञान, सीप, अनुभव, योग्यता र दक्षता राष्ट्रकै अमूल्य सम्पति हो भन्ने यथार्थतालाई पनि निवृत्त राष्ट्रसेवकहरुले बुझ्नु पर्ने तथ्य हो । देश र देशवासीको सेवामा आफ्नो अमूल्य समय व्यतित गरेवापत राज्यले लामो समय सेवा पश्चात जीवन निर्वाहको स्रोत जुटाई दिनु राज्यको दायित्व हो भने नेपाली जनताले तिरेको करबाट निवृत्तभरण प्राप्त गर्ने पूर्व राष्ट्रसेवकहरुले पनि आ-आफ्नो शारीरिक क्षमताले सक्दासम्म राज्य र जनतालाई प्रतिफल दिनु उसको नैतिक दायित्व हो । उल्लेखित उच्च मानवीय आदर्शबाट यस परिषद्को स्थापना भएको हो । यही उदात्त भावनाले अभिप्रेरित आफ्नो अवकाशित जीवन पनि राष्ट्रको श्रीवृद्धि, रक्षा, सुरक्षा र विकासका लागि समर्पित गर्ने यस परिषद्सँग आवद्धहरुको मूल लक्ष्य रहेको छ ।

**उद्देश्य** :

विधानको धारा ४ को उपधारा (क) देखि (ख) सम्म जे जति उद्देश्य राखिएको छ त्यसमध्ये मुख्यतः

क) यो परिषद गैरनाफामूलक, गैर राजनीतिक तथा मुनाफारहित बहुउद्देश्यीय जनहितकारी सामाजिक सँस्थाको रुपमा स्थापित भएको छ ।

ख) परिषदमा आवद्ध सेवानिवृत्त राष्ट्रसेवकहरुले सेवामा रहँदा आर्जेको अनुभव, ज्ञान, सीप योग्यता र दक्षतालाई राष्ट्रिय स्वतन्त्रता सार्वभौमिकताको रक्षाका साथै जेष्ठ नागरिक लगायत पूर्व राष्ट्रसेवकका परिवारका हकहित एवं संरक्षण र सेवामा सहयोग गर्न संगठित रुपमा यो परिषद प्रयासरत हुनेछ ।

ग) परिषदले पूर्व राष्ट्रसेवकका आश्रित, बाल बालिका तथा जेष्ठ नागरिकको सुरक्षा, शिक्षा, स्वास्थ्य र सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने प्रयास गर्नेछ ।

घ) परिषदले द्वन्द्वबाट विस्थापित पूर्व राष्ट्रसेवक र अन्य पीडित व्यक्तिहरुको मनोसामाजिक समस्याको अध्ययन गरी उनीहरुको हकहितको संरक्षण एवं पुनर्स्थापनाको निमित्त आवश्यकता अनुसार सहयोग पुऱ्याउनेछ ।

ङ) वृद्ध-वृद्धाहरु, पूर्वराष्ट्रसेवक, उनीहरुको परिवार एवं मुलुकमा पिछडिएको वर्गलाई सहयोग र स्वरोजगारीका लागि विभिन्न किसिमका आयमूलक योजना, तालिम र कार्यक्रमहरु सञ्चालनका लागि प्रयास गर्नेछ ।

च) परिषदले राष्ट्रलाई आवश्यक परेका जुनसुकै बेलामा पनि राष्ट्रियहितको लागि पूर्वराष्ट्रसेवकहरुबाट सम्भव भएसम्म सहयोग उपलब्ध गराउने कोशिस गर्नेछ ।

छ) परिषदले जनहितका लागि चेतनामूलक कार्यक्रम, सीपमूलक तालिम सञ्चालन गर्ने र नियमित रुपमा परिषदको मुखपत्र प्रकाशन गर्नेछ ।

ज) परिषदले सामाजिक तथा राष्ट्रिय महत्वका विविध विषयहरुमा खोजमूलक अनुसन्धान गर्नेछ ।

झ) परिषदले सुशासन स्थापित गर्न र भरपर्दो सुरक्षा पद्धतिको विकास गर्न आवश्यकता अनुसार सम्बन्धित निकाय र पदाधिकारीलाई सल्लाह र सुझाव दिनेछ ।

ञ) पूर्व राष्ट्रसेवकहरुबीच एकता, भातृत्व, आपसी सहयोग र सद्भाव अभिवृद्धि गर्दै राष्ट्र र समाजप्रति उत्तरदायित्वबोध गर्ने र गराउनेछ र राष्ट्रिय अखण्डता, राष्ट्रिय हित, अक्षुणता सार्वभौमिकताको जगेर्ना र राष्ट्रिय सुरक्षा कायम गर्नमा सहयोगीको

रुपमा भूमिका खेल्ने प्रयास गर्नेछ ।

ट) पूर्व राष्ट्रसेवकहरुले आर्जित गरेको अनुभव, ज्ञान, सीप, योग्यता र क्षमतालाई राज्यका विभिन्न क्षेत्रमा उपयोग गराउँदै राष्ट्रिय विकासका लागि बंगलादेशको मोडलमा संलग्न गरिनु उपयुक्त हुने देखिन्छ । राज्यले आम नागरिकका लागि लागू गर्ने वा गरेको नीति र कार्यक्रमका सम्बन्धमा जनताले असहमति जनाउने वा जनाएको अवस्था उत्पन्न हुँदा सार्वजनिक संवाद र समन्वयकर्ताको रुपमा आवश्यक पहल गर्ने र उपयुक्त भूमिकाको खोजी गर्नेछ ।

ठ) यस परिषदले दलगत राजनीतिक प्रभावबाट मुक्त रही सचेत नागरिक समाजको रुपमा राष्ट्रिय हितका विषयमा सरकार र सम्बन्धित निकायहरुबाट सञ्चालित राष्ट्रिय कार्यक्रमका अन्तर्निहित विषयवस्तुहरुको समय समयमा अध्ययन र विश्लेषण गरी सम्बन्धित निकायलाई लिखित वा मौखिक रचनात्मक सुझाव दिनेछ ।

ड) विश्वको बदलिँदो परिस्थितिअनुरुप पूर्व कर्मचारीहरुका समान प्रकृति र चरित्रका विधिसम्मत रुपमा गठित राष्ट्रिय र अन्तर्राष्ट्रिय संगठनहरुसँग मैत्रीपूर्ण सम्बन्ध, सद्भाव, अभिवृद्धि गर्दै मानव कल्याण एवं सामूहिक हितका लागि उपयुक्त कार्य सञ्चालन गर्न प्रयत्नरत रहनेछ ।

ढ) पूर्व राष्ट्रसेवक, तिनका परिवार र क्षमताले भ्याएमा समाजको विभिन्न क्षेत्रमा सर्वोत्तम विकास र हकहित रक्षाको लागि केन्द्रदेखि स्थानीय स्तरसम्ममा विविध कार्य सञ्चालन गर्न प्रयास गर्नेछ ।

**परिषद्को सदस्यता सम्बन्धी व्यवस्था** :

१. परिषद् 'सार्क' को संगठनात्मक ढाँचामा स्थापित विशिष्ट प्रकारको संगठन हो ।

२. यो परिषद् राज्यका कुनै पनि सेवा क्षेत्रमा रही निवृत्त भएका "पूर्व कर्मचारी सेवा परिषद् नेपाल, नेपाल राष्ट्रिय भुतपूर्व सैनिक संघ, नेपाल पूर्व प्रहरी संगठन र नेपाल पूर्व सशस्त्र प्रहरी संघ वा यस्तै समान प्रकृती र चरित्रका अन्य कुनै पूर्व राष्ट्रसेवकहरुको राष्ट्रिय स्तरको संगठनहरु" *समेतलाई* आवद्धता प्रदान गर्न सकिने बैधानिक प्रावधान राखी केन्द्रीय स्तरका पूर्वराष्ट्रसेवक संगठनहरुको साझा संगठनको रुपमा स्थापित भएको छ । संस्थापक संगठन वा पछि आवद्धता प्राप्त गर्ने कुनै पनि संगठनमध्ये कम्तिमा कुनै एउटा संगठनको सदस्य हुने योग्यता हासिल गरेको व्यक्ति वा (पूर्व राष्ट्रसेवक) यस परिषद्को प्रारम्भिक सदस्य मानिएको छ । तर त्यस्ता प्रारम्भिक सदस्य मानिएका पूर्व राष्ट्रसेवकले यस समन्वय परिषद्को सक्रिय सदस्यको रुपमा रही कार्य गर्न चाहेमा आफ्नो सेवा क्षेत्र सम्बन्धी संगठनका विधि विधान र प्रक्रिया पुरा गरी एकद्वार प्रणालीबाट मात्र विधिवत यस समन्वय परिषद्को सभा कार्य समितिमा वा अध्यक्ष मण्डलको सदस्य/अध्यक्षका रुपमा भूमिका खेल्न सक्छ ।

३. यस परिषद्मा देहाय बमोजिमका सदस्यको व्यवस्था रहेको छ ।

(क) संस्थापक संगठनहरु

(ख) आवद्धता प्राप्त संगठित संस्था

(ग) मानार्थ सदस्य

(घ) अतिथि सल्लाहकार (सदस्य)

(ङ) विशिष्ट सल्लाहकार (सदस्य)

(च) विषय विशेषज्ञ सल्लाहकार (सदस्य)

४. अध्यक्ष मण्डल : यस परिषद्का संस्थापक संगठनका अध्यक्ष/सभापतिहरु अध्यक्ष मण्डलका सदस्य हुने, त्यही अध्यक्ष मण्डलले नै आफूमध्येबाट परिषद्को अध्यक्षको चयन गर्ने, अध्यक्ष र अध्यक्ष मण्डल परिषद्को उच्चतम सम्मानित निकायको रुपमा रहने र पछि आवद्धता प्राप्त गर्ने संगठनका अध्यक्ष/सभापतिलाई परिषद्को अध्यक्ष मण्डलबाट उपयुक्त स्थान प्रदान गर्ने व्यवस्था परिषद्को "सदस्य प्राप्तिको लागि आवश्यक योग्यता" सम्बन्धी विधि विधानको दफा ६ र ७ मा तोकिएको छ ।

# ‘मानव अधिकार र दलित समुदायको अवस्था’

– गोपाल प्र.विके

सशस्त्र प्रहरी नायव उपरीक्षक (अ.प्रा.)



नेपालमा प्रचलित उत्पीडन र भेदभाव मुख्यतः दक्षिण एशियाको विशेषता हो। संस्थागतरुपमा हाम्रो जस्तो व्यवस्था नभए पनि यदा कदा यूरोप, अमेरिकामा समेत जातिका भ्रुण भेट्न सकिन्छ भन्ने भारतीय चिन्तक डा. राममनोहर लोहियाको तर्क छ। तर खास रुपमा धर्मद्वारा उचित र आवश्यक ठहरिएर जाति प्रथा मान्य भएको भने हिन्दू समाजमा मात्र भएको भन्ने डा. भिम राव अम्बेडकरको ठहर थियो।

हिन्दू धर्म संस्कृतिको आधारमा जातले तल्लो सानो जाति वनाइएको समुदायलाई समग्र रुपमा दलित भन्ने गरिन्छ। यो परम्परागत रुपमा गलत र क्रुर मानसिकताको उपज हो। दलित भनेर सम्बोधन गर्ने हाम्रो रुढीवादी अन्धविश्वास हो,जो सदियौंदेखि नेपाली समाजको मानसिकतामा बसिसकेको छ। यही रुढीवादी मानसिकताले दलितलाई नीच, अशिक्षित र निकृष्ट कार्य गर्ने भनेर चिनाइएको छ। दलित गरिबी, अवसरबाट बञ्चित, र सामाजिक, धार्मिक तथा सांस्कृतिक रुपमा अत्ति नै पछाडी पारिएका छन्।

नेपालमा दलित समुदाय हिमाल, पहाड, तराई-मधेश तथा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छरिएर रहेका छन्। लामो समयदेखि आफ्नो जातीय मुक्ति र सामाजिक न्यायको निम्ति संघर्ष गर्दै आइरहेको सर्वविदितै छ। विभिन्न समय कालमा शासकहरुले दलित समुदायको पक्षमा कतिपय सुधारहरु पनि गरेको पाइन्छ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ (Universal declaration of Human Rights-1948) सवै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि-१९६५, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र-१९६६, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय पत्र-१९६६ पनि दलित समुदायको मानव अधिकारलाई प्रत्याभुति गरेको छ।

त्यसरी नै २०२० सालको मुलुकी ऐनले जातीय भेदभाव र छुवाछूतको अन्त्य गरेको छ। यसैगरी २०४७ सालको संविधान र २०६२/६३ को जनआन्दोलन पश्चात् बनेका नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको वर्तमान संविधानले जातीय भेदभाव र छुवाछूतको अन्त्य गरेको छ। नेपाललाई धर्म निरपेक्ष र छुवाछुतमुक्त राष्ट्रको घोषणा समेत गरिसकेको छ। जातीय भेदभाव र छुवाछूत (कसूर तथा सजाय ऐन २०६८) कानून समेत बनिसकेको छ तर पनि दलित समुदायहरु माथिको भेदभाव र छुवाछुत अन्त्य हुन सकेको छैन।

**राष्ट्रिय प्रतिबद्धता**

नेपालको संविधान २०७२ भाग ३ को धारा १८ (१,२,३) र धारा २४(१,२,३) मा समानताको हक अन्तर्गत राज्यले नागरिकहरु बीच जात,जातिको आधारमा भेदभाव नगरिने, छुवाछूत तथा जातीय भेदभावविरुद्धको हकमा कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछूत तथा भेदभाव नगरिने कुनै पनि व्यक्तिलाई जात, जातिको आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा, सुविधा वा उपयोगका कुराहरु प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्नबाट वा धार्मिक कार्यबाट वञ्चित नगरिने उल्लेख गरिएको छ।

यसैगरी कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा, सुविधा कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिका व्यक्तिलाई मात्र बिक्री वितरण नगरिने उल्लेख छ। कुनै जात, जाति वा उत्पतिका व्यक्ति वा

व्यक्तिहरुको समूहको उच्च-नीच दर्शाउने जात, जातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचार-प्रसार गर्ने वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न नपाइने र गरिएको खण्डमा यस्ता कार्य कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

नेपालको संविधान, २०७२ भाग ३ को धारा ४० को उपधारा १,२,३,४,५,६,७ मा राज्य संयन्त्रमा समानुपातिक सहभागिता,उच्च शिक्षासम्म निशुल्क शिक्षा,परम्परागगत पेशा ज्ञान सिपको संरक्षण तथा भूमि,आवास आदि दलितको हितमा केहि सम्वोधन गर्न खोजे पनि कानुन वन्न नसकेको कारणले अर्थहिन रहेकोछ।

**जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन-२०६८**

नेपालमा जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन-२०६८, संसद्द्वारा २०६८ ज्येष्ठ १० मा पारित भयो। जसमा कुनै पनि जात, धर्म, प्रथा, परम्परा,संस्कृति, रीतिरिवाज वा अन्य कुनै नाममा कुनै जात, जाति, वंश समुदाय वा पेशाका आधारमा छुवाछूत तथा भेदभाव गर्न पाइने छैन भन्ने व्यवस्था गरी प्रत्येक व्यक्तिको समानता, स्वतनत्रता र सम्मानपूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न तथा कुनै पनि स्थानमा गरिने छुवाछुत, वहिष्कार, प्रतिवन्ध, निस्कासन, अवहेलना, वा यस्तै प्रकार मानवता विरोधी भेदभावजन्य कार्य दण्डनीय वनाई पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरिएको छ।

त्यस्तै यसै ऐनको दफा ४ को उपदफा (२) मा कसैले कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा, संस्कृति, रीतिरिवाज, जात, जाति, वंश, समुदाय वा पेशाका आधारमा जातीय भेदभाव वा छुवाछुत गरी **सार्वजनिक वा निजी** स्थानमा गर्न गराउन हुँदैन भनेर स्पस्ट किटान गरेको छ भने उल्लेखित अपराधलाई फौजदारी अपराध अन्तरगत ९० दिनसम्म अनुसन्धानमा लिई कारवाही गरी क्षतिपूर्ति सहित यसै ऐनको दफा ७ ले ३ वर्षसम्मको कैद र २५,००० जरिवाना, मतियार वा यस्तो अपराध गर्न प्रोत्साहित गर्नेलाई समेत १ वर्ष सम्मको कैद र १०,००० रुपैयासम्म जरिवाना तथा **सरकारी तथा सार्वजनिक पद** धारण गरेका व्यक्ति भएमा दोव्वर सजाय हुने भनि स्पस्टरुपमा कानुन वने पनि हालसम्म कहिं यस्को कार्यान्वयन हुन सकेको अवस्था छैन। यसको मुख्य कारण हो दलित समुदाय संगठित संक्षम र कार्यान्वयन पहुंच क्षेत्रमा हुन नसक्नु।

**राष्ट्रिय संयन्त्रहरुको स्थापना**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि राष्ट्रिय स्तरमा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोग, मुस्लिम आयोग लगायत राष्ट्रिय जनजाति प्रतिष्ठान जस्ता संयन्त्रहरुको स्थापना गरिएको छ तर यसले पनि प्रभावकारी रुपमा काम गरिरहेको अवस्था छैन।

**नीति तथा कार्यक्रम**

जातीय विभेदको अन्त्य गर्न नेपाल सरकारबाट दलित र गैरदलितबीच अन्तरजातीय विवाह प्रोत्साहन अनुदान वितरण कार्यविधि २०६६ साउन १ पछि दलित र गैरदलितबीच अन्तरजातीय विवाह गर्ने नेपाली नागरिकलाई रु. १ लाख उपलब्ध गराउने व्यवस्था भए पनि सहजरुपमा उपलव्ध हुन नसकेको अवस्था छ। यसैगरी कक्षा १० सम्म निःशुल्क शिक्षा, उच्च तथा माध्यमिक विद्यालयमा छात्रवृत्ति कार्यक्रम र रोजगारीको क्षेत्रमा आरक्षणको नीति ल्याए पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

**सम्मानपूर्वक बाँच्न पाउने अधिकार**

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा ६ मा 'प्रत्येक व्यक्तिलाई जीवनको अन्तर्निहित अधिकार हुने व्यवस्था गरेको छ। यसैगरी नेपालको संविधान,२०७२ भाग ३ (१६)मा 'प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ' भन्ने व्यवस्था गरेको छ। बाँच्न पाउने अधिकार सबै मानवको पहिलो अधिकार भए तापनि दलित समुदायका लागि पहुंचको अभावमा तथा दलित

भएकै कारण कतिपय अवस्था वन्चित हुनु परेको छ ।

**जातीय भेदभाव तथा छुवाछुतविरुद्धको अधिकार**

जातीय भेदभाव तथा छुवाछुतविरुद्धको अधिकार भनेको समानता, सामाजिक न्याय र आत्म-सम्मानको अधिकार हो । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २ सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९६५ को धारा १ (१), बालअधिकार महासन्धि, १९८९ को धारा २ (१), आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा २ (२) र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २ (१) र धारा २६ ले जातीय भेदभाव विरुद्धको अधिकारको प्रत्याभूति गरेको छ ।

**विवाह परिवार सम्बन्धी अधिकार**

सबै प्रकारका जातीय उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९६५ को धारा ५ (छ) (४), महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ को धारा १६ (ख) र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २३ मा उमेर पुगेका महिला र पुरुषले विवाह गर्ने र परिवार आरम्भ गर्ने र इच्छुक बरबधुको स्वतन्त्र र पूर्ण मञ्जुरीले विवाह गर्ने अधिकारको व्यवस्था गरेको छ। यसैगरी मुलुकी ऐन विहावारीको महलको १ नं. मा केटा र केटीले आफ्नो इच्छानुसार राजीखुशीले विहावारी गर्न पाउने र सोही महलको २ नं. मा केटा र केटी दुबै २० वर्ष पुगेको अवस्थामा संरक्षकको मञ्जुरी नलिइकन पनि विवाह गर्न पाउने व्यवस्था रहेको छ । जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ (११) मा कसैले प्रचलित कानून बमोजिम उमेर पुगेका बरबधुबाट मञ्जुर भएको अन्तरजातीय विवाह गर्नबाट कुनैपनि व्यक्तिलाई जात, जाति, वंश वा समुदायको आधारमा रोक लगाउन नहुने व्यवस्था गरेको छ। तर, दलित समुदायका उमेर पुगेका सबै युवायुवतीले उल्लेखित अधिकारहरुको पूर्ण उपभोग गर्न पाएका छैनन् । विशेषगरी अन्तरजातीय विवाह गर्ने जोडीलाई जबरजस्ती छुटाउने, विभिन्न कपोलकल्पित मुद्दामा फसाउने, उनीहरु र उनीहरुको परिवारलाई गाउँ निकाला गर्ने, कुटपिट गर्ने, हत्या गर्ने, मानव बेचबिखनमा फसाउने घटनाहरु हुँदै आएका छन् ।

**समान सेवा सुविधा प्राप्तिको अधिकार**

नेपालको अन्तरिम संविधानको धारा १४ (३) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा सुविधा वा वस्तु कुनै खास जात, जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नवाट रोक लगाउन वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात, जातिको व्यक्तिले मात्र बिक्री वितरण गरिने छैन । तर, दलित समुदायले यस्तो प्रकारको मानव अधिकारको उपभोग गर्न पाइरहेको छैनन् । विशेष गरी होटेल व्यवसाय, दूध व्यवसाय, पण्डितको सेवा र कतिपय अवस्थामा सार्वजनिक अधिकारका सेवासमेत दलितले गर्न पाउँदैनन् ।

**स्वतन्त्र पेशा व्यवसाय सम्बन्धी अधिकार**

आार्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा ३ र ६ को (१) सबै प्रकारका जातीय विभेद उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९६५ को धारा ५ (ङ) (१), नेपालको जारी संविधानले पनि कुनै पेशा व्यवसाय, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रताको अधिकार  तथा कसैलाई पनि निजको इच्छाविरुद्ध काममा लगाउन नपाइने व्यवस्था गरेको छ। यसैगरी जातीय, भेदभाव तथा छुवाछूत कसूर र सजाय) ऐन, २०६८ को दफा ४ (६) ले पनि कुनै पनि व्यक्तिलाई जात, जात्ति, वंश, समुदाय वा पेशाको आधारमा कुनै पनि पेशा वा व्यवसाय गर्न प्रतिवन्ध वा रोक लगाउने वा कुनै पनि व्यक्तिलाई कुनै पेशा वा व्यवसाय गर्न वाध्य पार्न नहुने व्यवस्था गरेको छ। तर कतिपय ठाउाहरुमा दलित समुदायहरुले स्वतन्त्ररुपमा वा खुलेर होटेल दुग्धजन्य, खाद्यजन्य आदि व्यवसाय गर्न पाइरहेका छैनन् ।

नेपालका सबै नागरिकहरुलाई समानता, स्वतन्त्रता र आत्मसम्मान जस्ता मानव अधिकारका मूलभूत विषयहरु नेपालको संविधान २०७२, राष्ट्रिय कानूनहरु तथा नेपालपक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले प्रत्याभूत गरेका छन् । यद्धपि परम्परागतरुपमा सामाजिक अन्धविश्वास एवम् कुरीतिको रुपमा रहेका कुसंस्कारहरुले गर्दा व्यक्तिलाई जातका आधारमा वर्गीकरण गरी विभेद, शोषण र उत्पीडनको शिकार बनाइने क्रम जारी छ । यसैगरी दलित तथा पिछडिएका वर्गलाई मन्दिर प्रवेशमा रोक लगाइएको, सह-भोज कार्यक्रममा छोइछिटो गरेको निहुँमा अप्रिय घटना हुने गरेको, विद्यालय तथा सार्वजनिक स्थलमा छुवाछूतजन्य भेदभाव गरेको, जवर्जस्ती श्रमशोषण, ज्यादति, नाकाबन्दी, अपहेलना, अन्तरजातीय विवाह गर्दा समाजबाट बहिष्कार, सार्वजनिक धारा तथा कुवाँको पानी उपभोगमा प्रतिवन्द, कुटपीट, यातना एवं परिवारका सदस्यले ज्यान समेत गुमाउनु पर्ने अवस्था विद्यमान रहेको पाइन्छ । यसबाट मानवीय स्वतन्त्रता, समानता र आत्मसम्मान जस्ता मानव अधिकारका अधारभूत सिद्धान्त र मान्यताहरुको उपहास भएको सावित भएको छ ।

यसर्थ दलित सम्बन्धी बनेका कानूनहरुको तर्जुमा र सबै अन्तर्राष्ट्रिय कानूनहरुको घरेलुकरण गर्नुपर्दछ । राज्यको नीतिनिर्माण तथा कार्यान्वयन तहमा समानुपातिक व्यवस्था गर्नुपर्दछ । राष्ट्रिय दलित आयोगलाई थप सशक्त बनाइनु पर्दछ । विद्यालयस्तरको पाठ्यक्रमहरुमा मानव अधिकार शिक्षाको प्रावधान राखिनु पर्दछ । **यसैगरी राज्यका सुरक्षा निकाय,न्यायिक क्षेत्र, प्रशासनिक क्षेत्रमा तथा राजनैतिक क्षेत्रहरुमा समेत व्यापक दलित मानव अधिकार सम्वन्धि प्रशिक्षण गरी गराई दलितहरुको पहुंच वढाईनु पर्छ ।** सार्वजनिक अधिकार र आम नागरिकहरुका लागि मानवअधिकार सम्बन्धी नागरिक शिक्षा,व्यापक जनचेतना सम्वन्धि कार्यक्रम तथा तालिमहरु समेत प्रदान गरी समाजमा आम नागरिक सरह बाँच्न पाउने अधिकारको प्रत्याभुति वर्तमान लोकतान्त्रिक व्यवस्थामा सरकारले दिनसक्नु पर्दछ ।

- लेखक नेपाल पूर्व सशस्त्र प्रहरी संघको आजीवन, के.स.स. तथा अपसन नेपालको सल्लाहकार हुनुहुन्छ ।
gopalprasadbk@gmail.com

**हाम्रा सेवाहरू**

★ स्टेशनरी सामान
★ खाद्यान्न थोक
★ लत्ता कपडा
★ शिखर सुज
★ ग्याँस सिलिण्डर
★ ग्याँस चुल्हो
★ रेगुलेटर
★ ग्याँस पाइप
★ लाइटर
★ जार पानीको लागि सम्पर्क गर्नुहोला ।




**कन्चन भेराइटी सप**

**इचंगुनारायण-४, गैरीगाउँ, काठमाडौं**

फोन : ९८५१००७३७८, ९८४११२३६७०


विजया दशमी, शुभ दिपावली २०७८
तथा
नेपाल सम्वत ११३८ को
हार्दिक मंगलमय शुभ-कामना
छपाई तथा डिजाइन सम्बन्धी सम्पूर्ण कार्यको लागि सेवा दिने अवसर दिनुहोला
3G PRINTERS
श्री जी प्रिन्टर्स
3 G PRINTERS
त्रिपुरेश्वर, काठमाडौं
फोन : ९८५१०८८३०२, ९८५१०३७५६३
ईमेल : 3GPrinters.hq@gmail.com


M.R.S. Traders
Chabahil, Kathmandu
Cell: 9851191399, 9841289624
Authorized Distributers of Global Trading Concern P.Ltd.
Rembember us for:
Imported Whisky, Brandy, Gin, Wine etc.

# मनमा गुम्सियका वेदना

-राधिका खड्का
कार्यकारी सदस्य, ने.पूर्व.स.प्र.संघ



जन्मि पछी मृत्यू अवस्य भावी नै छ । कसैकसैको बुढेसकाल, कसैको वाल्यकाल मा त कसैको आधा वा अर्ध उमेरमा । कालले बालक र बृद्ध भन्दो रहेन छ, आफ्नो लागि पिडा र दुःख खपेर बस्नु परेको छ ।

मेरो श्रीमान स.प्र.नि.सिर बहादुर खड्का ऊहाँ गाँउकै प्यारो मानिस हुनु हुन्थ्यो भने सशस्त्र प्रहरी वल भित्र पनि उहाँ निडर, ईमान्दार प्रहरीको रुपमा चिनिनु हुन्थ्यो एउटा चम्किलो तारा हुनुहुन्थ्यो । ऊहाँ आफ्नो देश र जनताका लागि २० बर्ष ५ महिना २८ दिन सम्म ईमान्दार पूर्वक काम गर्नु भयो । जो ईमान्दारिताको साथ काम गर्छ त्यसलाई नै दैवले रोज्यो । बि.स.२०६१ साल जेष्ठ ३२ गतेका दिन वाँके समसेरगज स्थित तत्कालीन आतकंकारी समुहसँग मुठभेडमा त्यो निष्ठुरी कालले टप्पक्क टिपेर लग्यो । परिवारको जिउने आधारनै ऊहाँ हुनुहुन्थ्यो जिउने आधानै समाप्त पारीदियो । मेरो त झन् आधा अंङ्ग नै ऊहाँ हुनु हुन्थ्यो श्रीमानले वीरगति प्राप्त गरेको खवर सुनेर मलाई आकाशबाट एकै चोटी भुईमा पछारिएको जस्तो भयो, आशु थामिएनन् त्यस पछि म लामो समय बेहोस रहे । त्यो एक दिन जागिर खाएको खुसीले आज म र मेरो बाल बच्चालाई जिन्दगीभरी छात्तीमा कहिले नमेटिने गरी कालो दाग बस्यो । वृद्धा भएका बाबा र आमालाई आफ्नो छोराले कहिले नफर्कने गरी छोडेर जाँदा, बिवाह भएको १८ बर्ष नपुग्दै सिउँदो पुछींदा, छोरा छोरीले बाबा पनि भन्न नपाउँदा कस्तो पिडा भयो होला । यो भन्दा ठुलो पीडा हाम्रो परिवारलाई केही थिएन । ऊहाँ त देश र जनताको लागि सदा सदाका लागि जानुभयो पीडा भने दैवले मलाई दियो । मेरा लागि दिन र रात एउटै भई राखेको थियो । बाँच्ने आधार नै थिएन बच्चाहरुलाई कसरी खुवाउनु, कसरी पढाउनु भन्ने चिन्ता बढ्दै गएको थियो । नदी तर्दा तर्दै बिचैमा बाढी आएको जस्तो यता जाम कि उता जाम भयो ।

यति धेरै पीडा हुँदा पनि जिउनु त पर्दो रहेछ । हजारौ महिलाको सिउँदोको पुछीयो । ती सिउँदो पुछिएका महिलाहरु आफ्नो बालबालिकाका लागि बिभिन्न विभागतिर दिन रात नभनी भौतारी रहेकाछन् । श्रीमानको मृत्यु भएको दशौ बर्ष हुँदा पनि द्वन्द्व पीडितलाई राहत रकम र सम्मान मिल्न सकेको छैन । यस्तो एकल नारीले दुःख पाएको १० बर्ष भईसक्यो तर पनि सरकार र विभागले केही वास्ता गरे जस्तो लाग्दैन । यसरी ईमान्दार प्रहरीले देश र जनताको लागि बलिदान दिनु भएको छ । हिजो त्यो चम्किलो तारा आज अध्यारो तारा बिलाउन लागेको तारा जस्तै भएको छ तर पनि सरकार र कुनै पनि विभागले केही वास्ता नगर्नु भनेको खोलो तऱ्यो लौरो बिर्सियो भनेजस्तै भएको छ, सम्बन्धित निकाय कानमा तेल हालेर बसेको अनुभूति भएको छ हामी वीरगति प्राप्त सहिद परिवारलाई । राहत दिनु त परैजावोस् सम्मान दिन समेत कन्जुस्याई गर्नुको आसय बुझ्न सकिएन, कहिले काही त यस्तो लाग्छ कस्तो मुलुकमा जन्म लिईएछ । आफ्ना पार्टीका कार्यकर्ता दुर्घटनामा परी मृत्यु हुँदासमेत सहिद घोषणा हुनुपर्छ भन्दै राजमार्ग बन्द गर्ने पार्टीहरुले कर्तव्यको सिलसिलामा वीरगति प्राप्त गर्ने अमर प्रहरी परिवारको योगदानको कहिले मूल्याङ्कन गर्लान् ! हाम्रो यो सुन्दर देशमा आगामी दिनहरुमा कुनै पनि नेपालीले मैले भोगे जस्तो पीडा भोग्न नपरोस् यही छ कामना !!!

# सशस्त्र प्रहरी बल संगठनबाट अनिवार्य, स्वैच्छिक, अशक्त अवकास, वीरगती प्राप्त र दिवगंत भएका राष्ट्रसेवकहरूको तथ्याङ्क

| विवरण | विरगति | कालगति | अशक्त अवकाश | अनिवार्य अवकाश | नोकरीबाट हटाएको | स्वैच्छिक अवकास (राजिनामा) | जम्मा | मरणोपरान्त बढुवा | अशक्त अवकाश बढुवा | सात वर्षे | असाधारण नि.भ. | उपदान (मृत्यु) | संचयकोष (मृत्यु) | निवृत्तिभरण | उपदान | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सप्रमनि | १ | ० | ० | ५ | ० | १ | ७ | ० | ० | १ | ० | ०) | ० | ६ | ० | ७ |
| सप्रअमनि | ० | ० | ० | ११ | ० | ० | ११ | ० | ० | ० | ० | ० | ० | ११ | ० | ११ |
| सप्रनामनि | ० | ० | ० | १८ | ० | १ | १९ | ० | ० | ० | ० | ० | ० | १८ | ० | १८ |
| सप्रबउ | ० | ० | ० | १८ | ० | १ | १९ | १ | ० | ० | ० | ० | ० | १९ | ० | २० |
| सप्रउ | १ | २ | ० | २७ | १ | ७ | ३८ | १ | ० | १ | २ | ० | ० | ३२ | २ | ३८ |
| सप्रनाउ | २ | ५ | ० | ४७ | १४ | ३६ | १०४ | ८ | ० | २ | ५ | ० | ० | ७४ | १४ | १०३ |
| सप्रनि | १३ | ११ | ३ | १ | ८८ | ८७ | २३४ | ७ | ७ | १३ | ९ | ० | ० | १०७ | ३० | १७३ |
| सप्रबनानि | ० | १ | ० | २ | ३ | ३१ | ३६ | ० | ० | ० | १ | ० | ० | ३१ | २ | ३४ |
| सप्रनानि | १० | २१ | १२ | ० | ८४ | २५० | ३७९ | १५ | १३ | ९ | १९ | ० | १ | २०६ | ८३ | ३४६ |
| सप्रसनि | १३ | १४ | १८ | ० | १७७ | ८३ | ३०५ | १८ | २३ | १३ | १० | १ | ० | १८ | १४१ | २२४ |
| सप्रबह | २३ | ३४ | ४० | ० | २५५ | १२६१ | १०१३ | २५ | ३५ | २१ | २५ | ४ | १ | ११२८ | ३६३ | १६०२ |
| सप्रह | ४८ | ४९ | ६३ | ० | ३१३ | २९३ | ७६६ | ६६ | ४७ | ५० | ३४ | ७ | ५ | २५ | ५६० | ७९४ |
| सप्रसह | ५१ | ६० | ७४ | ० | ३३१ | ६४३ | १५५९ | १६९ | २६ | ५० | ४६ | ७ | ७ | १० | ८९३ | १२०८ |
| सप्रज | १५२ | १५३ | ५७ | ० | ४५७ | १०९७ | १९१६ | ० | ० | १४८ | ११६ | ८ | १५ | ० | १३७८ | १६६५ |
| सप्रप | ६ | १४ | ५ | २ | १०३ | १४६ | २७६ | ० | ० | ७ | ७ | २ | १ | ३३ | २०० | २५० |
| **जम्मा** | **३२०** | **३६४** | **२७२** | **१६३** | **१८२६** | **३९३७** | **६८८२** | **३१०** | **१५१** | **३१५** | **२७४** | **२९** | **३०** | **१७१८** | **३६६६** | **६४९३** |

श्रोत:- श्री सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय प्रशासन विभाग, क.प्र.शाखा, हलचोक।





# विजया दशमी तथा शुभ दिपावली

## छठ पर्व २०७४

तथा

## नेपाल सम्वत ११३८ को

सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने
समस्त नेपाली बन्धुहरुमा
सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल पूर्व सशस्त्र प्रहरी संघ**
केन्द्रीय कार्यालय, स्वयम्भू, हलचोक काठमाण्डौ

(अध्यक्ष)
**किशोर कुमार लामा**
तथा
**संघ परिवार**


RETIREMENT ROAD SIGNS
CAUTION
Senior moment in progress!
RETIRED SLOW DOWN
NO WORK ZONE
Welcome to Lazyville
STOP WORKING
NO RUSH ZONE
EASY STREET
RETIREMENT WAY
RETIRED
DON'T WANT TO DON'T NEED TO CAN'T MAKE ME
END OF THE LINE AHEAD
SOUTH FOR THE WINTER
BREAKFAST 7 AM
LUNCH 12 PM
DINNER 4
I'M RETIRED not EXPIRED !
Retired
Young at heart.
Slightly older
in other places.
RETIRED
Goodbye Tension
Hello Pension
WHEN YOU STOP LIVING AT WORK
AND START WORKING AT LIVING —
RETIREMENT.
RETIREMENT
...a time to look back on your accomplishments, as you ponder the possibilities ahead.
Retirement is a Journey... Not A Destination!
The trouble WITH RETIREMENT IS YOU NEVER GET A DAY OFF
I'M GONNA MAKE
THE REST OF MY LIFE,
THE BEST OF MY LIFE.
Retirement Only Means it's Time for a New Adventure :-)

# फोटो फिचर :-





































हिमालयन बैंक लिमिटेड
Himalayan Bank Limited
(A Joint Venture with Habib Bank Limited – Pakistan)
हामीले चिनेका छौं
हामीले देखेका छौं
हामीले जानेका छौं
हामीले बुझेका छौं
HBL BANCASSURANCE
सुरक्षित बीमा हाम्रो जिम्मा
Toll FREE
16 600 111 000
himal remit
AMERICAN EXPRESS




prabhu Credit Card
Instapay Scheme
Buy Now
Pay Later
VISA
Zero % Interest Rate
Features:
Purchase transaction should be of Rs 10,000 or above
6, 12 or 18 month's installment available
Hassle free documentations
Advisory Services
Rewards
Investment Guidance
Insurance Planning
Capital Appreciation
Portfolio Management
Retirement Planning
Health
Dining
Shopping
WEALTH MANAGEMENT SERVICES
A customized and personalized solution for your banking needs...




मेरो घर
प्रभु उन्नतशील मुद्दती
उच्चतम् प्रतिफल अनि अरू धेरै .....
अधिकतम् ब्याजदर
क्रेडिट कार्ड
प्रभु ई-बैंकिंग
एम वालेट
डिस होम
अरू धेरै...
prabhu Credit Life Insurance
अब हामी ढुक्क छौ
हाम्रा सन्ततिले कर्जाको भागीदार हुनुपर्ने छैन
Toll Free No.: 16600107777




By-Pass-16, Balaju, Kathmandu, Nepal
Tel (mob.) : 9851098859
Email : info@gforce-security.com
www.gforce-security.com

**G-Force Group of Companies**
- G-Force Security Pvt. Ltd.
- G-Force Technical Training Institute
- G-Force Research and Services Pvt. Ltd.
- Asian African Manpower Agency (Qatar)



# श्री अनुसबी ईन्टरप्राइजेज प्रा.लि.
कालिमाटी-१३, काठमाडौं, फोन : ०१-४४९६९५०






## हाम्रा सेवाहरु
ट्याक्सी र प्राइभेट कार खरीद बिक्री गर्नु परेमा हामीलाई सम्पर्क राख्नुहोस् ।
साथै ट्याक्सीमा ३०% लगानी गर्नु भएमा ७०% हामी लगानी गरिदिन्छौं ।
सरल बहुउद्देश्यीयसँग आबद्ध । हाम्रो लगानी, आजैबाट तपाईंको आम्दानी ।

नेपाल पूर्व सशस्त्र प्रहरी संघको दशौं वार्षिक दिवस र केन्द्रीय परिषदको सभाको सफलता एवम् महान चाड विजया दशमी, शुभ दिपावली छठ पर्व २०७४ र नेपाल सम्वत ११३८ को सुखद उपलक्ष्यमा संघ र संघका सदस्यहरूको उत्तरोत्तर प्रगतिको शुभ-कामना

फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि.
२०६६

Flash Multipurpose Co-operative Ltd.

फ्लास बहुउद्देश्यीय सहकारी संस्था लि.

संस्थाको सहकार्यमा समर्पित

WESTERN UNION®
मनी ट्रान्सफर
विदेशबाट तुरुन्त रकम प्राप्त गर्ने माध्यम

NABILBANK®
देशव्यापी रकम पठाउने भरपर्दो माध्यम
NABILREMIT
सेवा यहाँ उपलब्ध छ ।

himal remit
हिमालरेमिट
सम्पन्न पार्दैछ जिन्दगी

काठमाण्डौ म.न.पा. वडा नं. ४, धुम्बाराही चौबाटो, रिङ्गरोड, पोष्ट बक्स : २४०७३, फोन : ०१-४३७३२३२
फ्याक्स : ०१-४३७१०२८, इमेल : flashcop4@yahoo.com, flashcop4@gmail.com